**रक्तदान जीवनदान ।**

- रगतको अभावले बर्षेनि हजारौं मानिसको ज्यान जान सक्छ,
- रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
- रगत स्वस्थ मानिसबाट दान स्वरूप प्राप्त हुने वस्तु हो,

रक्तदाताले:

- रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ,
- अत्याधिक थकान, ज्वरो, र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुदैन,
- ३-४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ,
- रक्तदानपश्चात् केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ,
- रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थ्यकमीको सल्लाह लिनुपर्छ,
- मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुँदैन,
- १८ देखि ६० वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
- रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, बरू यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ ।

रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २३३ | काठमाडौं | मंगलबार, ०८ पुस २०८२ | Prabhab National Daily | Tuesday, 23 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## मतभार तोकियो, राष्ट्रिय सभाको शक्ति सन्तुलनमाथि चासो

**मतभार**

प्रदेश सांसदः ५३
अध्यक्ष/उपाध्यक्ष तथा प्रमुख/उपप्रमुखः १९

**प्रदेशगत मतभार**

| | |
|---|---|
| कोशी : | १०१३५ |
| मधेस : | १०८३९ |
| बागमती : | १०३५२ |
| गण्डकी : | ६४१० |
| लुम्बिनी : | ८७५३ |
| कर्णाली : | ५१२२ |
| सुदूरपश्चिम : | ६१५३ |

**निर्वाचन:**

रिक्त १९ मध्ये १८ पदमा

**कहाँबाट कति रिक्त ?**

| | |
|---|---|
| कोशी : | ३ |
| मधेस : | ४ |
| बागमती : | २ |
| गण्डकी : | २ |
| लुम्बिनी : | ३ |
| कर्णाली : | २ |
| सुदूरपश्चिम : | २ |



**मतदानस्थल**

- प्रदेशहरूको राजधानी
- प्रत्येक मतदानस्थलमा दुई मतदान केन्द्र
- केन्द्र 'क' प्रदेश सांसद
- केन्द्र 'ख' अध्यक्ष/उपाध्यक्ष तथा प्रमुख/उपप्रमुख

■ **जेबी योञ्जन**

**काठमाडौं–** निर्वाचन आयोगले प्रदेश र स्थानीय तहका जनप्रतिनिधिको मतभार निर्धारण गरेसँगै आगामी माघ ११ गते हुने निर्वाचनले राष्ट्रिय सभाको शक्ति सन्तुलन कस्तो बनाउँछ भन्ने चासो बढेको छ । त्यहाँ कूल ५७ हजार ७६४ मतभारबाट १८ जना राष्ट्रिय सभा सदस्य चयन हुने छन् । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार एक जना प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने छन् ।

हाल नेपाली कम्युनिस्ट पार्टी (नेकपा) राष्ट्रिय सभाको सबैभन्दा ठूलो दल हो । तत्कालीन नेकपा माओवादी केन्द्रका १७ जना र नेकपा एकीकृत समाजवादीका आठ जना गरी २५ सांसद नेकपाको छ । यो संख्या ५९ सदस्यीय राष्ट्रिय सभामा एकल बहुमत नजिक हो, जसले गर्दा विगतमा प्रतिनिधिसभामा दुईतिहाइ बहुमतको सत्ता साझेदार गरेका कांग्रेस-एमालेले आफूअनुकूल संविधान संशोधन गर्न सकेनन् । अर्थात्, राष्ट्रिय सभाको शक्ति सन्तुलनले मनलाग्दी निर्वाचन प्रणाली फेरबदल गर्नबाट कांग्रेस-एमालेलाई छेक्यो ।

त्यसो हुँदा अब हुने राष्ट्रिय सभाको सम्भावित शक्ति सन्तुलनबारे स्थानीय तह र प्रदेश संसद्का जनप्रतिनिधिको मतभार तोकिएसँगै चासो बढेको हो । निर्वाचनलाई दलगत संगठन, प्रदेशगत पकड र स्थानीय तहमा रहेको प्रभावको प्रत्यक्ष परीक्षा पनि मानिन्छ ।

निर्वाचन आयोगका अनुसार प्रदेशसभा सदस्यको एक मत बराबर ५३ मतभार तोकिएको छ । गाउँपालिका अध्यक्ष/उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख/उपप्रमुखको मतभार १९ कायम गरिएको छ ।

यसले प्रदेशसभामा बलियो उपस्थिति भएका दललाई तुलनात्मक रूपमा फाइदा पुग्ने देखिन्छ । यद्यपि, स्थानीय तहमा अधिक जनप्रतिनिधि भएका दलहरूको मत पनि निर्णायक बन्न सक्ने देखिएको छ ।

प्रदेशगत मतभार हेर्दा मधेस प्रदेशमा १० हजार ८३९ मतभार रहेको आयोगका प्रवक्ता भट्टराई बताउँछन् । यो सबैभन्दा बढी मतभार भएको प्रदेश हो । त्यसपछि बागमतीमा १० हजार ३५२, कोशी प्रदेश प्रदेशमा १० हजार १३५, लुम्बिनी प्रदेशमा आठ हजार ७५३, गण्डकी प्रदेशमा छ हजार ४१०, कर्णाली प्रदेशमा पाँच हजार १२२ र सुदूरपश्चिम प्रदेशमा छ हजार १५३ रहेका छन् ।

मतभारको यो तथ्यांकले मधेस, बागमती र कोशी प्रदेशमा दलहरूबीच कडा प्रतिस्पर्धा हुने संकेत गर्छ । सर्वाधिक मधेस प्रदेशबाट चार जना निर्वाचित हुने छन् । कोशी र लुम्बिनीबाट समान तीन/तीन जना, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिमबाट दुई/दुई जना सांसद निर्वाचित हुने छन् ।

२०७६ फागुनमा निर्वाचित सदस्यहरूको कार्यकाल सकिन लागेकाले यो निर्वाचनले राष्ट्रिय सभाको संरचना र शक्ति समीकरणलाई नयाँ ढंगले पुनर्संयोजन गर्ने देखिएको छ । आगामी फागुन २० मा १९ जना राष्ट्रिय सभा सदस्यको पदावधि सकिँदै छ ।

क्रमशः पृष्ठ २ मा

**चुनावबारे सर्वपक्षीय छलफल**

# सरकार लचक बन्न दलको दबाब

## विद्रोहको आवाज सुन्न प्रधानमन्त्रीको सुझाव

- निर्वाचनको वातावरण बनाउन सरकारले नेताहरूमाथि लगाएको स्थानहद हटाउन नेता तथा नागरिक अगुवाको सुझाव
- शीर्ष दलका नेतासँग प्रधानमन्त्री कार्कीले 'वान अन वान' वार्ता गरे निर्वाचन अझ सहज हुने तर्क
- सरकार निर्वाचनबारे छलफल गरिरहँदा कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष ओलीबीच महाराजगञ्जमा भेटवार्ता



तस्विरः रासस

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रमुख राजनीतिक दलका नेता तथा नागरिक अगुवाले २१ फागुनका लागि तय प्रतिनिधिसभा निर्वाचनको वातावरण बनाउन सरकारले विभिन्न नेतालाई तोकिएको स्थानहद हटाउन सुझाएका छन् । सोमबार सिंहदरबारमा निर्वाचन आयोग, राजनीतिक दल, जेन-जी प्रतिनिधि तथा सरोकारवालाबीच भएको छलफलमा उनीहरूले यस्तो सुझाव दिएका हुन् ।

प्रधानमन्त्री सुशीला कार्कीको आह्वानमा भएको छलफलमा नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवले निर्वाचनको वातावरण बनाउन स्थानहद हटाउन सुझाए । 'केही नेताहरूलाई स्थानहदको कुरा आएको छ । आमनिर्वाचनमा हाम्रो संविधानले दिएको अधिकारअनुसार कुनै पनि दलको नेता वा नागरिक जहाँबाट पनि लड्न सक्छ,' यादवले भने ।

जेन-जी विद्रोहका क्रममा ७६ जना नागरिकको मृत्यु भएको र आगजनी तथा तोडफोडको घटनाबारे अनुसन्धान गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, उक्त सरकारका गृहमन्त्री रमेश लेखकलाई काठमाडौं उपत्यका छाड्न नपाउनेगरी स्थानहद तोकेको छ । जेन-जी विद्रोहको क्रममा भएको दमनबारे सोधपुछका लागि जुनसुकै समयमा बयान लिनुपर्ने भन्दै आयोगले उनीहरूमाथि स्थानहद तोकेको हो ।

यद्यपि, फागुन २१ गते तोकिएको निर्वाचनमा प्रचार गर्न पाउनुपर्ने भन्दै दलहरूले स्थानहद हटाउनुपर्ने जिकिर गरेका हुन् । नेकपा एमालेको तर्फबाट बैठकमा सहभागी सचिव महेश बस्नेतले पनि स्थानहदले निर्वाचनको वातावरण नबन्ने तर्क अघि सारे । 'पाँच-सात वटा जिल्ला जाँदा मैले ढुंगा खाएको छु । ढुंगा खाँदा खुसीयाली मनाइएको छ । दलका नेताहरूलाई स्थानहद गरिएको छ । फागुन २१ गतेमा चुनाव भएन भने संसद् पुनर्स्थापना हुने छ,' बस्नेतले भने । बस्नेतले एमाले संवाद र सहकार्यबाट नभाग्ने तर पुराना दललाई निषेध नगर्न आग्रह गरे ।

क्रमशः पृष्ठ २ मा



केही नेताहरूलाई स्थानहदको कुरा आएको छ । आमनिर्वाचनमा हाम्रो संविधानले दिएको अधिकारअनुसार कुनै पनि दलको नेता वा नागरिक जहाँबाट पनि लड्न सक्छ । निर्वाचनको वातावरण बनाउन स्थानहद हटाउनुपर्छ ।

■ **महेन्द्र यादव**
सहमहामन्त्री, कांग्रेस



दललाई भाग्न दिन हुँदैन । दललाई निरन्तर संवाद गरेर निर्वाचनमा ल्याउनुपर्छ । नेताहरूलाई बयानमा बोलाउने भए कहिले बोलाउने हो, बोलाए हुन्छ तर दलका प्रमुख नेतालाई स्थानहद लगाएर चुनावमा जाऊ भन्नु हातखुट्टा बाँधेर पौडी खेल्न भन्नुजस्तै हो ।

■ **राधेश्याम अधिकारी**
संविधानविद्



राजनीतिक दलभित्रको झगडाले जनतालाई मार पार्नुहुन्न । जनता के चाहन्छ ? जुन किसिमको मुभमेन्ट छ । त्यसले जनतामा छाप परेको छ । जनताले यसमा के खोजेको विचार गर्नुपर्छ । मेरो गोरूको बाह्रै टक्क भनेर हुन्न ।

■ **सुशीला कार्की**
प्रधानमन्त्री

**सन्दर्भः वैदेशिक रोजगार**

# श्रमिकको स्वास्थ्य परीक्षण होडानमार्फत गराउने सहमति

- नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र स्वास्थ्य परीक्षण स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल (होडान) बीच सहमतिपत्रमा हस्ताक्षर
- होडानमा आबद्ध स्वास्थ्य परीक्षण संस्थाहरूले पुरानै दरमा कामदारको स्वास्थ्य परीक्षण गर्ने
- गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा सहिद तथा घाइते भएकाको परिवारका सदस्यको परीक्षणमा सहुलियत



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल (होडान)मार्फत गराउने भएको छ । सोमबार वैदेशिक रोजगार व्यवसायी संघअन्तर्गतको मेडिकल तथा ओरियन्टेसन समस्या समाधान समितिका संयोजक तथा संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ र होडानका महासचिव रघुनाथ पनेरुले उक्त सहमतिपत्रमा हस्ताक्षर गरेका हुन् ।

रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणको शुल्क वृद्धि खारेज भइसक्दा पनि केही स्वास्थ्य परीक्षण गर्ने संस्थाले बढेकै शुल्कमा परीक्षण गरेको र केहीले सेवा नै रोकेको अवस्थामा साविककै शुल्कमा परीक्षण गराउन होडान तयार भएकाले सहकार्य भएको मेडिकल तथा ओरियन्टेसन समस्या समाधान समितिका संयोजक श्रेष्ठले बताए । साथै, उनले पुरानै शुल्कमा परीक्षण गर्ने संस्थाबाट मात्रै सेवा लिन व्यवसायीहरूलाई आग्रहसमेत गरेका छन् ।

संघले होडानमा आबद्ध व्यवसायीहरूको विवरण एक हप्ताभित्र उपलब्ध गराउन आग्रह गरेको छ । रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गराउने १७१ वटा संस्थामध्ये ५० प्रतिशत संस्था होडानमा आबद्ध रहेको बताइएको छ । विगतकै दरमा परीक्षण गर्न तयार भएको होडानले गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा सहिद तथा घाइते भएकाको परिवारका सदस्यको परीक्षणमा सहुलियत दिनेसमेत सम्झौता गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## सुरक्षित आप्रवासनका काम स्थानीय तहबाटै सुरू गर्नुपर्नेमा जोड

**काठमाडौं (प्रस)–** सरोकारवालाहरूले वैदेशिक रोजगारीमा जाने श्रमिकको ऋणको भारी कम गर्न र सुरक्षित आप्रवासनसम्बन्धी काम स्थानीय सरकारबाटै सुरु गर्नुपर्नेमा जोड दिएका छन् ।

अन्तर्राष्ट्रिय आप्रवासन दिवसको सन्दर्भमा सुरक्षित आप्रवासनका लागि राष्ट्रिय सञ्जाल (एनएनएसएम)ले सोमबार यहाँ आयोजना गरेको कार्यक्रममा उनीहरूले सकेसम्म कम लगानी गरेर श्रमिक विदेश जान सकेमात्रै राष्ट्र र परिवारले लाभ लिन सक्ने बताए ।

त्यस अवसरमा डा. जीवन बानियाँले कार्यपत्र प्रस्तुत गरेका थिए । उनले एक लाखदेखि ९० लाख रूपैयाँसम्म लगानी गरेर श्रमिकहरू विदेश गइरहेको उल्लेख गर्दै सरकारले उनीहरूको खर्च कम गर्नका लागि ध्यान दिनुपर्नेमा जोड दिए । 'भिसा र टिकट नि:शुल्क भनिन्छ, तर कार्यान्वयन भएको छैन,' उनले भने, 'अझै ८० प्रतिशत नेपाली वैदेशिक रोजगारमा भारी शुल्क तिरेर दलालमार्फत विदेसिन बाध्य छन् ।'

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का राष्ट्रिय संयोजक रोनी प्रधान धौभडेलले सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगारी बनाउन सरकारको नीति तथा कानुन पूर्णरूपमा व्यवहारमा लागू गर्न जोड दिनुपर्ने बताए ।

क्रमशः पृष्ठ २ मा


**संयुक्त प्रेस विज्ञप्ति**

वैदेशिक रोजगारीमा जाने कामदारहरूको स्वास्थ्य परिक्षण शुल्क बृद्धि गरी रु. ९५००।- पुऱ्याइएको विषयमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र स्वास्थ्य संस्था सञ्चालक संघ नेपाल (होडान) ले शुल्क वृद्धि पश्चात चौतर्फी विरोधको आवाज उठाउदै आएकोमा मिति २०८२/०९/०४ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट २०८२/०७/३० को निर्णय खारेज भएको छ । जसअनुसार स्वास्थ्य परिक्षण गर्ने स्वास्थ्य संस्थाहरूको स्वास्थ्य परिक्षण र परिक्षण शुल्क साविक बमोजिम नै हुनेगरी निर्णय गरी निर्देशन दिनुभएकोमा माननीय मन्त्री राजेन्द्रसिंह भण्डारीज्यूलाई दुवै संस्थाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । यसै सन्दर्भमा केही स्वास्थ्य व्यवसायीहरूले बढेको शुल्क लिन पाउनु पर्ने भनी शुल्क बृद्धि खारेजीको विरोध गर्दै स्वास्थ्य संस्थाहरू बन्द गरी सेवाग्राही कामदारहरूलाई दुःख दिने, कृतिम अभाव सृजना गरी वैदेशिक रोजगारीको वातावरण बिगार्ने प्रयास गरिरहेको सुन्नमा आएकोले सरकारको यस सम्बन्धमा विशेष ध्यानाकर्षण गराउदै सरकारी निर्णयको उल्लङ्घन गरी बढी रकम असुल्न खोज्ने स्वास्थ्य संस्थाहरूबाट स्वास्थ्य परिक्षण नगर्न नगराउनुहुन यसै प्रेस विज्ञप्ति मार्फत जानकारी गराउँदछौं । साविक वमोजिम नै नेपाल सरकारले तोकेको गुणस्तरीय स्वास्थ्य परिक्षण गर्ने गराउने र कामदारको स्वास्थ्य सुरक्षासँग सम्बन्धित शर्तहरू एकआपसमा पालना गर्दै दुई संघहरूका सदस्य संस्थाहरूलाई कामदारको स्वास्थ्य परिक्षणको क्षेत्रमा विद्यमान विकृति विसङ्गतिलाई विस्थापित गरी गुणस्तरीय स्वास्थ्य परिक्षणलाई ध्यानमा राखी संयुक्त प्रयासबाट प्राप्त उपलब्धिहरूको व्यवस्थापनमा सहकार्य गर्ने गरी होडानको तर्फबाट एक हप्ताभित्र स्वास्थ्य संस्थाहरूको विवरण नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई उपलब्ध गराई सुचिकृत गरी सहकार्य गर्ने साथै जेनजी आन्दोलनमा सहिद तथा घाइते परिवारको एकघरका सदस्यलाई वैदेशिक रोजगारीमा जाँदा नेपाल सरकारद्वारा प्रदान गरिएको पत्र र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको समेतको सिफारसका पत्रका आधारमा स्वास्थ्य संस्था सञ्चालक संघ नेपालले घाइतेको हकमा ५०% र सहिद परिवारको हकमा १००% सहुलियत दरमा स्वास्थ्य परिक्षण गर्ने व्यावस्था समेत मिलाइएको व्यहोरा यसै विज्ञप्ति मार्फत जानकारी गराउँदछौं ।

**रघुनाथ पनेरु**
महासचिव
स्वास्थ्य संस्था संचालक संघ नेपाल

**सुजित कुमार श्रेष्ठ**
प्रथम उपाध्यक्ष तथा संयोजक
मेडिकल तथा ओरेन्टेशन समस्या समाधान समिति
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ

## पृष्ठ १ बाट क्रमशः

## सरकार...

छलफलमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का राजेन्द्र पाण्डेले पनि स्थानहदको विरोध गरे । 'चुनाव गर्ने हो भने स्थानहद गर्न हुँदैन । मूल पार्टीका नेतालाई स्थानहद गर्ने ? चुनाव भनेको आफ्नो पार्टीको सिद्धान्त प्रचार गर्ने कुरा होइन । देशको कुना-कुना जानुपर्ने होइन ?,' पाण्डेले प्रश्न गरे ।

छलफलमा नागरिक अगुवाले पनि स्थानहदकै विषयमा जोड दिएका थिए । पत्रकार कनकमणि दीक्षितले सरकारले निर्वाचनको वातावरण बनाउनुपर्ने बताए । 'सरकारले दलहरूलाई सहयोग गर्नुपर्छ । सौम्य आवाज आउनुपर्छ । स्थानहद पार्टी विशेषका नेतालाई लगाउने कुरा ठीक होइन । लोकतान्त्रिक मुलुक निर्वाचनमा जाँदै छ भने नेता विशेषलाई स्थानहद तोकेर कसरी निर्वाचन होला ?,' दीक्षितले प्रश्न गर्दै भने, 'कतै जाँदा सूचना दिन सक्नेगरी जान दिनुपर्छ ।'

संविधानविद् राधेश्याम अधिकारीले दललाई निर्वाचनबाट भाग्न दिन नहुनेगरी सरकार अगाडि बढ्नुपर्ने सुझाव दिए । 'दललाई भाग्न दिन हुँदैन । दललाई निरन्तर संवाद गरेर निर्वाचनमा ल्याउनुपर्छ । संवाद गरिरहनुपर्छ,' अधिकारीले भने, 'नेताहरूलाई बयानमा बोलाउने भए कहिले बोलाउने हो, बोलाए हुन्छ तर दलका प्रमुख नेतालाई स्थानहद लगाएर चुनावमा जाऊ भन्नु हातखुट्टा बाँधेर पौडी खेल्न भन्नुजस्तै हो ।'

पूर्वमन्त्री एवं प्रशासक विद्याधर मल्लिकले जेन-जी विद्रोहबाट आएको सरकारले सबै पक्षसँग संवाद गर्नुपर्ने बताए । 'स्वतन्त्र निर्वाचन पहिलो सर्त हो । निर्वाचनमा मसलको खेल नहोस् कसैको चाहनामा प्रभावित नहोस् किनकि ठूलो मुभमेन्टबाट यो सरकार बनेको हो । दलसँग डाइलग गर्न जरुरी छ,' मल्लिकले भने, 'जनताका लागि सोच्ने, संविधान संशोधन, प्रशासनिक सुधारका लागि सोच्नुपर्छ । चुनावपछि द्वन्द्व नआओस् । दलहरूले पनि स्वामित्व लिनुपर्छ ।' जेन-जीसँग भएको सम्झौता अहिलेको चुनावमा मात्रै कार्यान्वयन गर्ने विषय नभएको भन्दै सबैले स्वामित्व लिनुपर्ने उनको भनाइ थियो ।

### शीर्ष नेतासँग छलफल गर्न प्रधानमन्त्रीलाई आग्रह

सोमबारको बैठकमा शीर्ष दलका शीर्ष नेताहरू सहभागी भएनन् । प्रधानमन्त्री कार्की आफैं पनि शीर्ष दलका नेतासँग छलफल गर्न अनिच्छुक रहेको बताइए पनि दलका नेताहरूले भने शीर्ष नेतासँग छलफल गर्न सुझाएका छन् ।

कांग्रेस सहमहामन्त्री यादवले प्रधानमन्त्री कार्कीलाई राजनीतिक दलका प्रमुख शीर्ष नेताहरूसँग छलफल गर्न सुझाव दिए । 'नेपालको 'फर्स्ट म्यान' हजुर हो । नेपाललाई निकास पनि दिनुपर्छ,' यादवले भने, 'राजनीतिक दलका शीर्ष नेतासँग कुरा गर्नुस् ।'

त्यसैगरी नेकपाका नेता पाण्डे पनि प्रधानमन्त्री कार्कीलाई निर्वाचनमा भाग लिने वातावरण बनाउन एक्लाएक्लै भए पनि शीर्ष नेताहरूसँग कुराकानी गर्न सुझाए । एमाले सचिव बस्नेतले पनि दलका शीर्ष नेतासँग बेग्लाबेग्लै छलफल गर्न जोड दिए । 'औपचारिक च्यानलबाट दलहरूसँग छलफल 'वान टु वान' गर्दा राम्रो हुन्छ भन्ने लाग्छ । यस्ता यस्ता फोरमहरूमा त औपचारिक कुरा न हुन्छन्,' बस्नेतले भने ।

नेकपाका नेता वर्षमान पुनले निर्वाचन सार्न खोजिए प्रतिनिधिसभा पुनर्स्थापनामा जाने तर्क अघि सारे । 'छ महिनाको संवैधानिक प्रावधानभन्दा उता जान खोजे हाम्रो समर्थन हुँदैन । निर्धारित समयमा चुनाव भएन भने कि सडकले निर्धारण गर्छ कि संसद् पुनर्स्थापना हुन्छ । यसमा हामी प्रस्ट छौं,' पुनले भने । उनले पुराना, नयाँ दल, जेन-जी सबैलाई जनमतको परीक्षण गर्न लागि चुनावमा जान आह्वान गरे ।

छलफलमा सहभागी युवा नेता सागर ढकालले भने ठूला भनिएका दलले सरकार चलाउँदा पनि पाँच वर्ष नचलेको कारण मागे । 'ठूला पार्टीलाई भन्न चाहन्छु- ७५ वर्षसम्म एउटा सरकार पाँचै वर्ष किन चलेन ? यो कहिले दिने हो ? फेरि पनि पार्टीमात्रै नसोच्नुस् । देश सोचिदिनुस्,' ढकालले भने । २१ फागुनको चुनाव केवल चुनावका लागि नभएर परिवर्तनका लागि हुन लागेको ख्याल गर्न पनि उनको आग्रह छ ।

### निर्वाचन दयाँबायाँ हुँदैनः निर्वाचन आयोग

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आयोग सरकारको प्राथमिकताअनुसार आगामी फागुन २१ मा प्रतिनिधिसभा सदस्य निर्वाचन गराउन पूर्णतयार रहेको बताए । 'निर्वाचन मिति घोषणा भएको साढे चार महिना बितिसकेको छ, अब हामीसँग करिब दुई महिनामात्र बाँकी छ । आयोगले प्रक्रियागतरूपमा थोरै कामबाहेक सबै काम सम्पन्न गरिसकेको छ,' उनले भने ।

भण्डारीले गृह मन्त्रालयले शान्ति सुरक्षाका विषयमा आवश्यक प्रत्याभूति गरिसकेको र निर्वाचन आयोग तथा सरकारबीचको छलफलबाट सुरक्षामा कुनै कमजोरी नरहेको प्रतिबद्धता जनाइएको बताए । उनले फागुन २१ गते हुने निर्वाचनका लागि मौजुदा कानुनअनुसार कार्यविधि, निर्देशिका र आचारसंहिता पनि तर्जुमा भइसकेको जानकारी गराउँदै अब दलीय सहमति र सरकारसँगको समन्वयमा आचारसंहिता लागू गरिने उल्लेख गरे ।

बैठकमा समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवारको नाम पेस गर्ने समय परिवर्तन गर्दा निर्वाचन प्रक्रियामा धक्का लाग्ने भन्दै समय परिवर्तन नगर्न राजनीतिक दलसमक्ष आयोगले आग्रहसमेत गरेको छ । 'यदि समानुपातिकको बन्द सूची पेस गर्ने समय सारियो भने परसम्मको समय धक्का लाग्छ,' भण्डारीले भने, 'निर्वाचनको मिति घोषणापछि मतदाता नामावली दर्ताको समय थप्यौं । कर्मचारी १५ देखि २० दिन सुत्न पाएनन् । अर्को जनशक्तिबाट सम्भव छैन । विधि र प्रक्रिया जानेको मानिस चाहिन्छ । खेलको नियम सुरु भएपछि तालिका परिवर्तन नगरौं ।' नेपाली कांग्रेसका सहमहामन्त्री यादवले समानुपातिक उम्मेदवारको नाम पेस गर्ने समय केही थप्न माग गरेका थिए ।

छलफलमा भाग लिँदै प्रधाानमन्त्री कार्कीले दलको झगडा देखाएर निर्वाचन सार्न खोज्नु ठीक नहुने बताइन् । कार्कीले राजनीतिक दलमा जनताले सुधार खोजेको कुरा दलका नेताले बुझ्नुपर्ने बताइन् । 'राजनीतिक दलभित्रको झगडाले जनतालाई मार पार्नुहुन्न । जनता के चाहन्छ ? जुन किसिमको मुभमेन्ट छ । त्यसले जनतामा छाप परेको छ,' कार्कीले भनिन्, 'जनताले यसमा के खोजेको विचार गर्नुपर्छ । मेरो गोरुको बाह्रै टक्क भनेर हुन्न । जनताले परिवर्तन खोजेको छ भने राजनीतिक दलले पनि सच्चिनुपर्दछ ।'

### देउवा-ओली भेट

महाधिवेशनअघि निम्तो दिन पुगेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पुनः नेतृत्वमा निर्वाचित भएपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको निवास पुगेका छन् । सोमबार महाराजगञ्जस्थित देउवा निवासमा ओलीसँगै पार्टी महासचिव शंकर पोखरेल पनि पुगेका थिए ।

देउवा-ओली भेटपछि प्रतिनिधि पुनर्स्थापनाको मुद्दा चर्किन थालेको छ । जेन-जी विद्रोहअघि ओली प्रधानमन्त्री थिए भने कांग्रेस सत्ता सहयात्री । ओली भदौ २४ गते जेन-जी आन्दोलनका क्रममा प्रधानमन्त्रीबाट राजीनामा दिएर प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारबाट पत्नी राधिकासहित सेनाको हेलिकप्टरमार्फत बाहिरिएका थिए ।

देउवा भने २४ गते नै पत्नी आरजु राणा देउवासहित आफ्नै निवास बूढानीलकण्ठमा जेन-जी आन्दोलनकारीबाट कुटिएका थिए । त्यसयता सिंगापुरबाट उपचार गरी फर्केपछि देउवा भेट्न ओली मंसिर १९ गते महाराजगञ्ज पुगेका थिए । पछिल्लो भेटले कांग्रेस र एमाले प्रतिनिधिसभाको पुनर्स्थापनामा एक भएर लाग्ने संकेत गरेको नेताहरू बताउँछन् । यो बीचमा कांग्रेस नेताहरू प्रतिनिधिसभा पुनर्स्थापनाका लागि हस्ताक्षर बढाउने जोडबलमा लागेका छन् ।

■■■

## मतभार...

राष्ट्रिय सभा सदस्य निर्वाचन ऐनमा पद रिक्त हुनुभन्दा ३५ दिनअगावै निर्वाचन हुनुपर्ने व्यवस्था छ । त्यसरी निर्वाचित राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुन्छ । राष्ट्रिय सभाका एकतिहाइ सदस्यको पदावधि भने प्रत्येक दुई वर्षमा समाप्त हुन्छ । प्रत्येक दुई/दुई वर्षमा निर्वाचन भएर एकतिहाइ सदस्य नयाँ आउँछन् । एकतिहाइ सदस्य भने कार्यकाल सकिएर बिदा हुन्छन् । त्यसो हुनाले पनि राष्ट्रिय सभालाई स्थायी सदन मानिन्छ ।

गत भदौ २३ र २४ गते विद्रोह गर्ने जेन-जी समूहहरूले पनि राष्ट्रिय सभामा सहभागिताको माग गरेका छन् । त्यसबारे उनीहरूले प्रधानमन्त्री सुशीला कार्कीसँग छलफलसमेत गरिसकेका छन् । तर, उनीहरूको सहभागिता कसरी गर्ने भन्ने निर्णयमा प्रधानमन्त्री कार्की पुग्न सकेकी छैनन् ।

तोकियो मतदानस्थल र केन्द्र

निर्वाचन आयोगले सातवटै प्रदेश राजधानी रहेका जिल्लामा मतदानस्थल तोकेको छ । प्रत्येक मतदानस्थलमा 'क' र 'ख' गरी दुईवटा मतदान केन्द्र पनि तोकिएको छ ।

मतदान केन्द्र 'क'मा प्रदेशसभाका सदस्यहरूले मतदान गर्ने छन् । मतदान केन्द्र 'ख'मा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्ने भएका छन् ।

आयोगका प्रवक्ता भट्टराईका अनुसार कोशी प्रदेशको राजधानी विराटनगरस्थित प्रदेश निर्वाचन कार्यालय परिसरलाई मतदानस्थल तोकिएको छ । मधेस प्रदेशको जनकपुरस्थित महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा र बागमती प्रदेशको भुटनदेवी माध्यमिक विद्यालय, हेटौंडा उपमहानगरपालिका-४ मकवानपुरमा मतदानस्थल तोकिएको हो ।

गण्डकी प्रदेशको प्रदेश निर्वाचन कार्यालय पोखरा, लुम्बिनी प्रदेशको कर्मचारी मिलन केन्द्र, घोराही, कर्णाली प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, वीरेन्द्रनगर सुर्खेत र सुदूरपश्चिम प्रदेशको प्रदेश निर्वाचन कार्यालयपरिसर धनगढीमा मतदानस्थल तोकिएको आयोगले जनाएको छ ।

■■■

## श्रमिकका...

आन्दोलनबाट घाइते भएको एकाघरको सदस्यलाई परीक्षणमा ५० प्रतिशत सहुलियत र सहिद भएका परिवारका सदस्यलाई सतप्रतिशत सहुलियतमा परीक्षण गर्ने सहमति भएको संघले जानकारी दिएको छ । यसका लागि नेपाल सरकारले प्रदान गरेको पत्र र वैदेशिक रोजगार व्यवसायी संघको सिफारिस आवश्यक पर्ने जनाइएको छ ।

यही पुस ४ गते अन्तर्राष्ट्रिय आप्रवासन दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले वृद्धि भएको शुल्क खारेज भएको घोषणा गरेका थिए । यसअघि मन्त्रालयले कात्तिक ३० गते मापदण्ड पुगेका संस्थाको सूची सार्वजनिक गर्दै नयाँ मापदण्ड लागू गर्न भनेको थियो । यसपछि अधिकतम् छ हजार ५०० रूपैयाँमा स्वास्थ्य परीक्षण गराउँदै आएका संस्थाहरूले ३४ प्रकारका परीक्षणका लागि नौ हजार ५०० रूपैयाँ लिन थालेका थिए । उक्त मूल्यवृद्धिको वैदेशिक रोजगार व्यवसायीहरूले विरोध जनाएका थिए । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले शुल्क वृद्धि खारेजीका लागि पहल गरेको थियो । अन्ततः श्रममन्त्रीमा भण्डारीको नियुक्तिसँगै महासंघको माग सम्बोधन भएको हो ।

नेपाल मेडिकल व्यवसायी संघ र नेपाल स्वास्थ्य व्यवसायी महासंघले भने खारेजीको निर्णयमा आपत्ति जनाउँदै आएका छन् । आफूहरूलाई सरकारले करोडौंका उपकरण थप्न लगाएपछि यस्तो निर्णय गर्दा व्यवसायीहरू मारमा परेको सेवा रोकेका स्वास्थ्य व्यवसायीहरूको दाबी छ । सरकार फेरिएपिच्छे नीति नियम फेरिँदा आफूहरू समस्यामा परेको उनीहरूको गुनासो छ । पुरानो दरमा सेवा दिन नसक्ने भन्दै उनीहरूले परीक्षण रोकेका छन् ।

■■■

## सुरक्षित...

नवलपरासी रामग्राम नगरपालिकाकी उपप्रमुख सम्झना चौधरीले सुरक्षित वैदेशिक रोजगारीका लागि स्थानीय तहमा विशेष कार्यजोजना बनाएर लागू गर्नुपर्ने बताइन् ।

सञ्जालका अध्यक्ष अधिवक्ता कृष्णप्रसाद न्यौपाने सरकारले वैदेशिक रोजगारमा जाने कामदारलाई रेमिटचान्स भित्रयाउनेका रूपमामात्रै नभइ उनीहरूको लगानीलाई सुरक्षित गर्ने र भविष्य सुनिश्चित गर्ने खालको पहल थाल्नु आवश्यक रहेको सुनाए । पौरखी नेपालका अध्यक्ष सत्र गुरुङले महिला कामदारको हकमा अझै संवेदनशील भएर सुरक्षित आप्रवासन नीतिमा काम गर्न सुझाव दिए ।


### कुवेतमा रोजगार

कम्पनी : GLOBAL GIFTS GENERAL TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/०७ | LT. No. 310735 | चलानी नं. ६०२२५२४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 3 | 3 | 150 | ६९,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १५ गते (30th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



### साउदीमा रोजगार

कम्पनी : MAWARID AL RIYADA TOURISM HOSPITALITY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ | LT. No. 335659 | चलानी नं. ६०२४९३६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 10 | 0 | 1000 | ३८,१२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १५ गते (30th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२/०९/०८ गते**

यस कम्पनीको मिति २०८१/११/०१ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **होटल रत्न ज्योति प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/११ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **होटल हाईट ड्रिम प्यालेस प्रा.लि.(प्रा.लि.नं. १८७१४३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मिति : २०८२/०९/०८ गते**

यस कम्पनीको मिति २०८२/०८/२२ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **निर्भाना बुटिक होटल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०८/२५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **होटल निर्भाना गार्डेन प्रा.लि.(प्रा.लि.नं. ३२०४६२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### गोलिया काठ, दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक प्रकाशन मिति २०८२।०९।०८ गते**

**श्री सदाबहार सामुदायिक वन उपभोक्ता समूह**, शान्तिनगर गा.पा.-१, २ र बबई गा.पा.-६, दाङको वनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं.१, सा.व.उ.स. परिसर, दाङको घाट्गद्दीमा लट बनाई राखिएको साल, असना, कर्मा, बर्रो, दबदबे र धौटी जातको गोलिया काठ थान ९१४ को ७८१८.२८ फि., साल दाउरा २०.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिन भित्र र सो दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै भोलि पल्ट प्रत्येक लटको छुट्टाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

### मादमे खोला हाइड्रोपावर लिमिटेड
**ललितपुर म.न.पा. १०, ललितपुर**

### चौथौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२।०९।०६)**

यस कम्पनीको संचालक समितिको मिति २०८२ पौष ०४ गते शुक्रबार दिनको ४:०० बजेको निर्णय अनुसार चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा वस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**चौथो वार्षिक साधारण सभा हुने मिति , समय र स्थान**

**मिति** :- २०८२ पौष २७ गते आइतवार (तदनुसार ११ जनवरी, २०२६)
**समय** :- दिनको ४ वजे
**स्थान** :- होटल हार्दिक, वागवजार , काठमाण्डौं ।

**चौथौं वार्षिक साधारण सभाका प्रस्तावहरू:**

**१.सामान्य प्रस्तावहरू :**

क) कम्पनीको तर्फ वाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
ख) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।
ग) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धी ।
घ) कम्पनीको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) सम्बन्धी ।

**२. विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

### याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड
**ललितपुर म.न.पा. १०, ललितपुर**

### पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/०८**

यस कम्पनीको संचालक समितिको मिति २०८२ पौष ०८ गतेको निर्णय अनुसार पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा वस्ने भएकोले सम्पूर्ण शेयर धनी महानुभावहरूलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पाँचौ वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** :- २०८२ पौष २९ गते मंगलवार (तदनुसार १३ जनवरी, २०२६)
**समय** :- विहान १०:०० वजे
**स्थान** :- होटल हार्दिक, वागवजार , काठमाडौं ।

**पाँचौ वार्षिक साधारण सभाका प्रस्तावहरू:**

**१.सामान्य प्रस्तावहरू**

क) कम्पनीको तर्फ वाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि निर्णय गर्ने ।
ख) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी निर्णय गर्ने ।
ग) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धी ।
घ) कम्पनीको शेयरको प्रारम्भीक सार्वजनिक निष्काशन (IPO) सम्वन्धमा ।
ङ) संचालक समितिको निर्णय अनुमोदन सम्बन्धी ।
च) संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सम्बन्धी ।

**२. विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**Invitationfor Bids**

## Purbichauki Rural Municipality, Doti

## Invitation of Bids for the Online Bid

**Date of publication: 23 December 2025[2082-09-08]**

1. The Purbichauki Rural Municipality, Doti invites electronic bid from the Nepalese eligible bidders for the following works.

| SN | IFB No. | Description of Works | Bid Validity Period in Days/ Bid security Period in days | Average Annual Turnover of the 3 years over tha last 10 yrs NRS (Excluding VAT) | Minimum Work Experience | Bid Security Amount in (NRs) | Id Document Fee in (NRs) non refundable |
|---|---|---|---|---|---|---|---|
| 1. | PRM/ DOTI/R/ NCB- 01/082/083 | Upgrading of Road sukilimati-Jaumala-Gajada-Bagdada-Pokhari-Timurdha Road Project | 120 days | 36800000 | • Gabion works 480 cum per years,<br>• Random Rubble masonry 448 cum per years<br>• Earthwork excavations 14856 cum per years<br>• plum concrete 285 cum per years<br>• Rcc Works 32 cum per month,<br>• TMT rebar 1250 per month | 615000 | 5000 |
| 2 | PRM/DOTI/ R/NCB- 01/082/083 | Construction of Mahalaxmi Basic school Two Room Building, Deulegada Wada No.5 | 120 days | | Estimate Amount without VAT and PS<br>NRS 1933945 | 50000 | 3000 |

a. Deadline for bid submission: 25-01- 2026 [2082/10/08] 12:00 PM
b. Date, time and place of bid Opening: 25-01-2026 [2082/10/08], 1:00 PM, Purbichauki Rural Municipality, Sanagaun, Doti.
c. Account No. for bid document purchase: Name of Bank: Global IME Bank Purbichauki Branch, Doti Name of Office: Purbichauki Rural Municipality, Doti. Office Code No.: 801077106, Office Account Number: 14304010000011
d. Account No. for bid security deposit: Account Name: Purbichauki Rural Municipality, Doti Bank Name Global IME Bank Purbichauki Branch, Doti Dharauti Account Number: 14304010000004

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Purbichauki Rural Municipality Sanagaun, Doti, karkirambahadur915@gmail.com, and facsimile numbers : 9852822675[or may visit PPMO website www.bolpatra.gov.np.].

# सेनाले भन्यो- आन्तरिक सुरक्षाको जिम्मेवारी सेनाको होइन

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत भदौ २३-२४ गतेको जेन-जी आन्दोलनपछि उत्पन्न जटिल र अराजक परिस्थितिमा राज्यका सुरक्षा संयन्त्रहरूले खेलेको भूमिकामाथि देशभर बहस जारी छ । विशेषगरी नेपाली सेनाको भूमिका, संवैधानिक सीमा र नागरिक सर्वोच्चतासँगको सम्बन्धलाई लिएर विभिन्न प्रश्न उठिरहेका छन् ।

यही सन्दर्भमा नेपाली सेनाले साढे तीन महिनापछि त्यसबेलाको सुरक्षा भूमिकामाथि संस्थागत धारणा सार्वजनिक गरेको छ, जसअनुसार देशको अन्तरिक सुरक्षाको प्राथमिक जिम्मेवारी नेपाल प्रहरी र सशस्त्र प्रहरीको भएको भन्दै सेना पन्छिएको छ । जबकि, त्यसबेला यी दुवै सुरक्षा संगठन प्रभावहीनजस्तै थिए ।

जेन-जी विद्रोहीहरूको निशानामा यी दुवै सुरक्षा संगठन परेका थिए । देशका विभिन्न ठाउँमा रहेका ब्यारेकमा आगजनी, तोडफोडदेखि हातहतियार खोसिनेसम्मका घटना भए ।

यस्तोमा जेन-जी विद्रोहीहरूले खासगरी २४ भदौमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको मुख्यालयमा आगजनी गरेका थिए, जतिबेला सेनाले चाहेको भए आगजनी, तोडफोडजस्ता विध्वंश रोकिने तर सेनाको भूमिका नियन्त्रणउन्मुख नदेखिएको भन्दै सर्वत्र आलोचना भएको थियो ।

यस्तोमा सेना देशको आन्तरिक सुरक्षा चुनौती सम्बोधन गर्ने जिम्मेवारी आफ्नो नभएको भन्दै पन्छिएको हो । 'आन्तरिक दंगा नियन्त्रणमा प्रहरी र सशस्त्र प्रहरी बल नेपाल अग्रपङ्क्तिमा रहने संवैधानिक व्यवस्था छ । सेना अन्तिम उपायका रूपमा रहन्छ,' जंगी अड्डाले राष्ट्रिय समाचार समिति (रासस)मार्फत सार्वजनिक गरेको धारणामा भनिएको छ, 'यही विभाजनले लोकतन्त्रलाई सुरक्षित राख्छ ।'

सेनाले संविधानको अक्षर र मर्म दुवैको पालना गरेको दाबी गरेको छ । सत्ता कब्जाको आरोपलाई खारेज गरिदिएको छ । 'तत्कालीन राजनीतिक शून्यताको अवस्थालाई अन्त्य गर्न सहजीकरण गरेकोचाहिँ पक्कै हो । सेनामा यदि राजनीतिक महत्त्वाकांक्षा हुन्थ्यो भने आज हामी यो अवस्थामा हुन्थ्यौं र ?,' सेनाले उल्टै प्रश्न गरेको छ ।

जेन-जी विद्रोहपछि सेनाले तत्कालीन परिस्थितिलाई सम्हालेको थियो । तर, त्यसबेला देशवासीलाई सम्बोधन गर्ने क्रममा प्रधानसेनापति अशोकराज सिग्देलले पृथ्वीनारायण शाहको तस्बिर पृष्ठभूमिमा राखेका थिए, जसलाई सेनामा आधुनिकीकरणको श्रेय जान्छ । उनै पृथ्वीनारायण शाहको तस्बिर पृष्ठभूमिमा राखेर सेनाले सत्ता कब्जाको महत्त्वाकांक्षा प्रकट गरेको भन्दै टिप्पणी भएको थियो । राजा समर्थित शक्तिहरू भने सेनाको तत्कालीन भूमिकालाई लिएर खुसी थिए । यस्तोमा राजनीतिक महत्त्वाकांक्षाबाट टाढा रहेको र संवैधानिक दायित्व बहन गर्नमात्रै तल्लीन रहेको सेनाले प्रस्ट पारेको छ । पृथ्वीनारायण शाहको तस्बिर राजनीतिक चेतनाको आह्वान गर्न राखिएको जिकिर गरेको छ ।

'पृथ्वीनारायण शाह आधुनिक नेपालको निर्माता र राष्ट्रिय एकताको प्रतीक हुन् भन्नेमा कोही पनि सच्चा नेपाली जनताको दुई मत नहोला,' सेनाले भनेको छ, 'राष्ट्र निर्माता कुनै पनि तन्त्र र वादभन्दा माथि रहेको नेपालको ऐतिहासिक पहिचान हुन् । संकटको क्षणमा राष्ट्रिय एकता, सार्वभौमसत्ता र अखण्डताको स्मरण गराउनु कुनै राजनीतिक सन्देश होइन, राष्ट्रिय चेतनाको आह्वान हो ।'

जेन-जी विद्रोहको क्रममा सेना सर्वाधिक आलोचित भएको सुरक्षाकै प्रश्नमा हो । २४ भदौको २ बजे परिस्थिति नियन्त्रण बाहिर गएसँगै प्रधानमन्त्रीबाट केपी शर्मा ओलीले राजीनामा दिए पनि सेना सडकमा ओर्लिन राति ९ बजे लागेको थियो । सात घण्टाको बीचमा सिंहदरबारमात्रै होइन, संसद् भवन, सर्वोच्च अदालत, शीतल निवाससँगै देशका विभिन्न स्थानमा सरकारी कार्यालय तथा निजी घर र तथा व्यापारिक केन्द्रमा आगजनी भएका थिए । यो अवधिमा सेना सडकमा ओर्लिएर शान्ति सुरक्षाको जिम्मा लिएको भए विध्वंश नहुने टिप्पणी हुने गरेको छ । यसमा सेनालाई जिम्मेवार मान्ने गरिएको छ । यसबारे सेनासँग गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले बयानसमेत लिइसकेको छ ।


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. RECEPTIONIST - 1 (Female) 2. KITCHEN STAFF 1 (Female)

नोटः +2 Passed (Only for Receptionist), अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

★ तलबः आपसी समझदारीमा

★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।

LIC 537/061/62

ABC PLACEMENTS PVT. LTD

Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4582340,
Email : infoabcplacement@gmail.com, info@abcplacement.com, Website: www.abcplacement.com


## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
उदयपुरगढी, उदयपुर
कोशी प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२।०९।०८ गते**

यस कार्यालयबाट मिति २०८२।०८।१५ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम रितपूर्वत म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका पाँच(५) ओटा सिलबन्दी दरभाउपत्रहरू मध्ये पहिलो चरणको प्राविधिक मूल्याङ्कनमा सफल भएका चार(४) ओटा सिलबन्दी दरभाउपत्रहरू मध्ये आर्थिक मूल्याङ्कनमा सफल भएको तपसिलको सिलबन्दी दरभाउपत्र सारभूत रूपमा प्रभावग्राही भएकोले सिलबन्दी दरभाउपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सात(७) दिने सूचना सम्बन्धित सिलबन्दी दरभाउपत्र दाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.स. | दरभाउपत्रको विवरण | दरभाउपत्रदाताको विवरण | कबोल अंक ने.रू.( VAT सहित) |
|---|---|---|---|
| 1. | URM/IR/01-2082/83, URM/IR/01-2082/83, Collection of stone, aggregate and sand Baijanath tatha Puwa Khola Ward no6 quarry site (Quarry site:Baijanath Khola Mauwasi Muni Ward No.6, Baijanath Khola Lidaha Tala Dabeli Ward No.6, Baijanath Khola Rai Chauri Puchhar Ward No.6, Baijanath Khola Chididaha Ward No.6, Pauwa Khola Bhutiya Khola Dhovan Ward No.6&8) | Nilima Giri Construction, Udayapurgadhi-5, Udayapur | रू.२१९९७६४.५७/- (अक्षेरूपी एक्काइस लाख उनान्सय हजार सात सय चौसट्ठी रूपैया र सन्ताउन्न पैसा मात्र) |

भक्त बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

## Budhiganga Municipality
## Office of The Municipal Executive
Kuldevmandu, Bajura
Sudurpashcim Province, Nepal

### Invitation For Bids

**First Published Date: 2082-09-08 (23rd December, 2025)**

1. Budhiganga Municipality, Office of The Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the procurement of following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the Budhiganga Municipality, Office of The Municipal Executive, Kuldevmandu, Bajura, phone no. 9840073762 or, email: ito.budhigangamun7@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Pre-bid meeting shall not be held.
4. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, which shall be valid for 30 days beyond the validity period of the bid.

Details of Works

| Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) [Excluding VAT] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| BM/NCB/W/04/82-83 | Kiriya Ghar Nirman | 3,000.00 | 21,16,968.48 | 60,000.00 | Validity up to 120 days from the last date of bid submission | 2082/10/11 12:00 hrs | 2082/10/11 13:00 hrs |

Information to deposit the cost of bidding document & Bid Security (Cash) in Bank:

| Cash Deposit for Purchase of Bid Document | | Cash Deposit for Bid Security | |
|---|---|---|---|
| Name of the Bank | | Siddhartha Bank Limited, Falasain Branch, Bajura | |
| Name of the Office/Account Name | | Budhiganga Municipality, Bajura | |
| Office Code no: | | 801076903 | |
| Rajaswa Account no: | 03115263439 | Dharauti Account No. | 03115110332 |
| Rajaswa (revenue) Shirshak no: | 03115263439 | | |

5. The Budhiganga Municipality, Office of the Municipal Executive, Kuldevmandu, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
6. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

Chief Administrative Officer


## साउदीमा रोजगार

कम्पनी : RAHIQ SABAYA ESTABLISHMENT FOR TRADING

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ LT. No. 335613 चलानी नं. ६०२४९३६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Oridinary Labourer (Shelf Stacker) | 6 | 0 | 1200 | ४५,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALI BIN SAUD BIN SALEM AL MARRI GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ LT. No. 335702 चलानी नं. ६०२४९३६७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1500 | ५७,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १५ गते (30th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 842/066/067

K.P. INTERNATIONAL OVERSEAS PVT. LTD.

Sinamangal-9, kathmandu, Nepal, Tel: +977 1 5920922/ 9803669006 (Whatsapp)
E-mail : kpintloverseas@gmail.com, info@kpintloverseas.com.np, Web: www.kpintloverseas.com.np



## साउदीमा रोजगार

कम्पनी : UEC PROJECTS SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ पुन : विज्ञापन स्वीकृति मिति : २०८२/०९/०७ LT. No. 329695 चलानी नं. ६०२४३५४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३८,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १५ गते (30th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३६३/०७४/०७५

INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.

Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## युएइमा रोजगार

कम्पनी : SERVEU LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/०७ LT. No. 335752 चलानी नं. ६०२४९३८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 175 | 25 | 1000 | ३८,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १५ गते (30th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १३८/०५५/०५६

Lucky Overseas Pvt. Ltd.

Dhobighat-3, Ringroad, Lalitpur, Nepal, 01–5153055 / 01–5153033
Email: luckyoverseas1998@gmail.com | overseaslucky@gmail.com, Website: www.luckyoverseas.com



## कुवेतमा रोजगार

कम्पनी : SAS UNITED FOR BEAUTY AND COSMETIC MATERIALS AND TOOLS

पूर्व स्वीकृति मिति : २०८२/०९/०७ LT. No. 335784 चलानी नं. ६०२४९३८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner general | 0 | 5 | 90 | ४१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | massage/beaut therapist | 0 | 5 | 150 | ६९,८६० | | | | | | | |
| 3. | hair dresser | 0 | 10 | 150 | ६९,८६० | | | | | | | |
| 4. | manucurist female | 0 | 5 | 150 | ६९,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १५ गते (30th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.

Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu, Tel no. 015901301, 015906301, 015928633 +977-9818422157/ 9803503571/985-1043059/9841298543/9815051244 Email : niopl2017@gmail.com, info@niopl.com, Web: www.nepaloverseasgency.com

Lic No. 632/063/64



## कुवेतमा रोजगार

कम्पनी : AL ZAAFARANI RESTAURANT शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८२/०९/०७ चलानी नं.: ६०२४९४०५ LT.No.: 335782

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CHEF ASSISTANT. | 4 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ६०,३१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper | 4 | 0 | | 100 | ४६,३९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १५ गते (30 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्न र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1746 /081/82

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.

Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com



## साउदीमा रोजगार

कम्पनी : IWAN HUMAN RESOURCES COMPANY IS A CLOSED JOINT STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ LT. No. 335698 चलानी नं. ६०२४९३७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packing Worker | 25 | 0 | 1000 | ३८,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOORA HAMDAN AL SUBAIE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०४ LT. No. 335381 चलानी नं. ६०२४९३७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 4 | 0 | 1000 | ३८,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOORA HAMDAN AL SUBAIE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०४ LT. No. 335382 चलानी नं. ६०२४९३७९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 4 | 0 | 1000 | ३८,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NOORA HAMDAN AL SUBAIE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०४ LT. No. 335383 चलानी नं. ६०२४९३८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 4 | 0 | 1000 | ३८,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १५ गते (30th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81

AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED

New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# निर्वाचनप्रति बढ्दो संशय हटाऊ

प्रतिनिधिसभाको निर्वाचनका लागि सरकारले फागुन २१ गते मिति तोकेको छ । यही मितिमा निर्वाचन गर्ने सरकार, निर्वाचन आयोग जोडतोडले लागेको देखिन्छ । निर्वाचन आउन लगभग दुई महिना बाँकी रहेको अवस्थामा गाउँ–सहरमा यसको वातावरण भने बनेको देखिन्न । सरकारले दलहरूलाई निषेध गर्ने र दलहरूले सरकारलाई निषेध गर्ने तरिकाले एकले अर्कोलाई दोष दिँदै निर्वाचनप्रति संशय जनाउने खालको गतिविधि बढ्न थालेको छ । पुराना राजनीतिक दलको मनपरि अन्त्यका लागि विद्रोहमा उत्रिएका जेन–जी अगुवाहरूसमेत अहिले निर्वाचन हुनै नदिने भन्दै चेतावनीदेखि प्रदर्शन गर्न लागिपरेका छन् ।

जेन–जी अगुवा सुधन गुरुङदेखि मिराज ढुंगाना अहिले निर्वाचनको पक्षमा देखिन्न । यही विद्रोहको बलमा कांग्रेस–एमालेको शक्तिशाली सरकार ढलेको थियो र अन्तरिम सरकारमा सुशीला कार्कीले नेतृत्व पाएकी थिइन् । यो सरकारलाई संविधानतः छ महिनाभित्र निर्वाचन गरी ताजा जनादेश लिने म्याण्डेट छ । यो नै संविधानलाई सही ट्र्याकमा ल्याउने उत्तम विधि पनि हो ।

तर यही बेला पुराना दल भने खाइपाइ आएको अधिकार भन्दै प्रतिनिधिसभा पुनर्स्थापनाको मुद्दा लिएर दिनहुँ सर्वोच्च धाउन थालेको छ । एमाले, कांग्रेसलाई नेपाली कम्युनिस्ट पार्टीले पनि साथ दिने देखिन्छ । निर्वाचनमा गएर नयाँ दलसँग पराजित हुनुभन्दा पुरानै संसद् ब्युताउँनु पुराना पार्टीका लागि हितकर देखिन थालेको छ ।

यस्तो अवस्थामा पुराना दलका नेताहरूलाई बल मिल्नेगरी यसरी जेन–जीले पनि निर्वाचनको विरोध गर्नु ठीक होइन । सरकारले पनि निर्वाचनको वातावरण बनाउन कुनै कसर बाँकी राख्नुहुन्न । पुराना दलका नेताको धम्की वा जेन–जीका अगुवाको धम्की सुनेर सरकार कायर बन्नु हुन्न । निर्वाचनका लागि सेना परिचालन गरिसकेको अवस्थामा सरकारले जेन–जी विद्रोहको क्रममा दमन लागेका नेतालाई कि त शीघ्र बयान लिन सक्नुपर्छ । नभए स्थानहद हटाउँदा पनि केही फरक पर्दैन । स्थानहद उनै नेताको सुरक्षाका लागि हो भन्ने बुझाउन पनि सक्नुपर्छ ।

यसैगरी जेन–जीका नाममा अनेकन समूहलाई काखी च्याप्ने र उनीहरूको कुरा सुन्ने विषयमा पनि सरकार चनाखो हुनुपर्छ । अब सरकारले फागुन २१ को निर्वाचनमा अर्जुनदृष्टि लगाउनुपर्छ । यसो भएमात्र सरकार निर्वाचनप्रति दृढ रहेको भन्ने भान जनतामा पर्छ । यसले माहोल एकाएक तताउने छ ।

# लिङ्देनको स्टाटस र राप्रपाको नेतृत्व संकट

❑ गणेश चाम्लिङ

“ जनजाति नेता भएको राप्रपामा मधेसी, दलित र आदिवासी समुदाय लगातारुपमा आक्रमणमा परेका छन्, असुरक्षित महसुस गरीरहेको विषय चर्चामा आएको छ । तिल्के गोरूजस्तो दाम्ला खोल्यो कि होक्रा, होक्रा गरेर जताततै सिंगौरी खेल्दा राप्रपा थिल्थिलिएको छ, राजसंस्थावादी आन्दोलन तुहाएको भन्ने गम्भीर आरोप लिङ्देनमाथि लाग्दै आएको छ । त्यसैले नेता अर्जुन राईको नोस्टाल्जिया जस्तो बहादुर गोरु दिनभर होक्राउँदा र सिंगौरी खेल्दा गोठालाहरु खुब खुसी भएकै होलान्, तर राप्रपा भने नाम र बदनाम होइन, गुमनाम बनेको छ, यही र यस्तै चर्चाले बजार तातेको छ ।

उहिले उहिले लिम्बुवानका गाउँठाउँहरूमा चिठी लेखेर ‘फाइट खेल्न आऊ’ भन्ने चलन थियो । यो दिन, यति बजे, यो बजारमा भेटौं भनेर एक गाउँले अर्को गाउँलाई, एक समूहले अर्को समूहलाई ‘ग्याङ फाइट’मा लड्न आऊ भन्दै च्यालेञ्ज गर्ने चलन थियो । त्यसैगरी रिस फेर्ने, कुटाकुट गर्ने, पालोपैचो तिर्ने र को वीर भन्दै मनको भडास मेट्ने सामाजिक प्रचलन थियो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले केही समयअघि सामाजिक सञ्जालमा ‘साथीहरूले चुनाव जितेर, जिताएर देखाउनू’ भन्दै स्टाटस लेख्दा पार्टीका नेता, कार्यकर्ताहरूलाई ठाडो चुनौती दिएको, को वीर भन्दै मनको औडा पोखेको बुझ्न गाह्रो थिएन । उहिलेको लिम्बुवानको सुरोपन र अहिलेको समाजको भाषा र भावमा अन्तर अवश्य होला तर कुरो लडाइँ झगडा, अनमेल र च्यालेञ्जकै थियो, चर्चा बुद्धिको होइन बलकै थियो ।



‘मेरो यो आग्रह... मेरै साथीहरूलाई हो । यदि कसैलाई राजेन्द्र लिङ्देनलाई देखाइदिन्छु भन्ने इख छ भने चुनाव जिताएर जितेर देखाइदिनू, मलाई त्यो भन्दा खुसी अर्को केही हुने छैन,’ अध्यक्ष लिङ्देनले लेखेको सन्देश यही हो । यसै लेखाइबाट कम्तीमा दुई-चार कुरा प्रस्ट भएको देखिन्छ ।

पहिलो कुरा, साथी भनेर सम्बोधन गर्दागर्दै इखको कुरा कोटयाउनु प्रथम दृष्टिमै अमिल्दो प्रसंग थियो । इख राख्ने साथी भनेर आरोपको वाण चलाए पनि लिङ्देन आफैंले साथीहरूप्रति इख साँधेको प्रस्ट बुझिन्थ्यो । राष्ट्रिय पार्टीका अध्यक्षले सानो चित्त पालेर सार्वजनिकरूपमै यसरी असहिष्णु टिप्पणी गर्छन् भन्ने सामान्यतयाः कल्पनाभन्दा बाहिरको विषय हो । धेरैजसो बेला लिङ्देन सरल रूपमा प्रस्तुत हुने कोसिस गर्छन् तर यसपटक भने लिङ्देनको मनभित्र गाँठो परेर बसेको रूखोपन छताछुल्ल पोखिएको थियो, त्यसैले लाग्थ्यो भावनाको आवेग उनको काबुभन्दा बाहिर गयो । उनी आफैंले झगडाको भुंग्रोको प्रदर्शनी देखाएर राप्रपाभित्र आफैं झगडिया भएको सावित गर्दै थिए ।

दोस्रो कुरा, सामाजिक सञ्जालमा उनले जुन कुरा लेखे, यस किसिमको चुनौती (दिनैपर्ने भए) कांग्रेस, एमाले र माओवादीलाई दिनुपर्ने थियो । एकै विचार बोक्ने, आफ्नै पार्टीका साथीभाइ होइन, प्रतिद्वन्द्वी दल र नेताहरूलाई च्यालेञ्जको वाणले हान्नुपर्ने थियो । तर, अचम्म लाग्दो कुरा उनको तीखो वचनको तारो प्रतिस्पर्धी दल होइन, राप्रपाका साथी सहयोगी बने । एकछिन कल्पना गरौं, मेसीले आफ्ना टिमका खेलाडीलाई खुलमखुला यसरी गाली बेइज्जती गरे खेलाडीको गोल गर्ने उत्साह र खेलको नतिजामा के कस्तो नकारात्मक असर पर्ला ? मूलतः कुरा यही हो । लिङ्देनले चिठी लेख्दै गर्दा आफू टिम क्याप्टेन रहेको, पार्टीको अभिभावक भएको कुरा चटक्कै बिर्सिएको देखिन्थ्यो, जिम्मेवारी भुलेको प्रस्टै देखिन्थ्यो ।

सबैलाई मिलाएर, चित्त बुझाएर अघि बढ्ने कप्तान नभएर, उरन्ठेउलो केटाजस्तो होहल्ला गरेपछि राप्रपाभित्र त संकट रहेछ, झगडा ठूलो रहेछ भन्ने मूल नेताबाटै सत्य सन्देश छताछुल्ल भएको थियो । यसैले हिन्दी सिनेमामा अमरिश पुरीले डायलग हानेजस्तो नक्कलबाट लिङ्देनले भनेजस्तो राप्रपाले कसरी भोट जित्ला ? त्यसैले अविश्वास र शंका उब्जनु अस्वाभाविक छैन । फिल्मी डायलगले मनोरञ्जन त देला तर हाल जस्तो चुनौतीपूर्ण समयमा राप्रपालाई कसरी स्थापित गर्देला ?

अझ व्यक्तिगत तहमा लिम्बूको छोरा अध्यक्ष रहेको राप्रपा पार्टीमा घरमुलीले नै पार्टीका नेताहरूलाई रिस र इखको झटारोले हान्ने रहेछ, फाइट खेलौं भन्दै हुँकार गर्ने अप्रिय वातावरण रहेछ भन्ने कुरा बाहिर पोखिएको छ । कमी कमजोरीको के कुरा, पार्टी मिलाउने इच्छा र क्षमतासमेत अध्यक्षमा छैन रहेछ भन्ने जानकारी अध्यक्षकै मुखारबिन्दुबाट बजारमा चुहिएको छ । अतः को वीर, को बलवान् भन्ने परिदृश्यमा बुद्धि होइन बलको महत्त्व झल्किएको छ, त्यो पनि २१औं शताब्दीको अहिलेको युगमा ।

तेस्रो कुरा, राप्रपा पार्टीभित्र चार वर्षको कार्य अवधिभरि गुट उपगुटको झगडा चलि नै राखेको छ । संघीय गणतन्त्र सुदृढीकरण गर्न प्रचण्ड सरकारमा लिङ्देन ऊर्जामन्त्री बनेपछि महाधिवेशनको वचन भुलेको भन्दै सतहमा आएको विवाद खिचातानी चार वर्ष पूरा भएपछि पनि कम परेको छैन । अध्यक्ष स्वयं झगडालाई ‘ब्रेक’ लाउने पक्षमा देखापरेका छैनन् । त्यसैले होला पाँचौं वर्ष के सुरु भएको थियो, ‘फाइट नखेली खाएको पच्दैन’ भनेजस्तो सामाजिक सञ्जालको चिर्कोटबाट हुटहुटी बिसाउन उनले निको माने ।

राप्रपाका पूर्वका हस्ती अर्जुन राईले यही प्रसंगमा लेखेको कथा यहाँ राखौं कि भन्ने लागेको छ । बाल्यकालतिर फर्कंदै नेता राईले सामाजिक सञ्जालमा लेखेका छन्, ‘म सानो छँदा हाम्रो एउटा तिल्के गोरू थियो, त्यसलाई दाम्ला खोल्यो कि होक्रा, होक्रा गर्थ्यो । जताततै सिंगौरी खेल्न थालिहाल्ने । र, दिनभर होक्राउँदा र सिंगौरी खेल्दा गोठालाहरू खुब खुसी हुन्थे र मजा मान्दै वस्तु चराउँदै बेलुकी घर फर्किंदा, गोठमा बाँधिराखेको सानो बहर बाच्छो देखेर होक्राउँथ्यो र फेरि सिंगौरी खेल्थ्यो । म भने मेरो तिल्केको बहादुरी देखेर मख्ख पर्दै उसलाई गोठमा बाँधि राखेर गर्वसाथ घर जान्थे ।’

नेता राई भन्छन्, ‘हिजोआज बेला न कूबेला हाम्रा नेताहरूबाट आफ्नै साथीहरू र कार्यकर्ताहरूलाई असान्दर्भिक डंकार, हुंकार र चुनौती दिँदै हिँडेको देख्दा मलाई मेरो बहादुर तिल्के गोरूको सम्झनाले नोस्टाल्जिक बनाएको छ ।’

तिल्के गोरूले दाम्ला खोल्नासाथ होक्रा, होक्रा गर्दै सिंगौरी खेलेजस्तो केन्द्रीय समितिको बैठक सकिन नपाउँदै लिङ्देनले राप्रपालाई आउने चुनावमा पहिलो पार्टी बनाउने भन्दै साथीभाइलाई हुंकार र चुनौती दिए । अरूले भोट जिते जिताए जस लिने मनसुवा उनमा उम्रेको हुनसक्छ नत्र आफ्नै कार्यकतासँग सिंगौरी खेल्न किन मन लाग्थ्यो होला । यसै पनि लिङ्देनले राप्रपाको गत चार वर्षको अवधिमा एउटै पनि योजना बनाएनन्, पार्टीमा कुनै राजनीतिक योजना प्रस्तुत गर्न सकेनन् । त्यसैले गुमनाम र दिशाविहीन राप्रपा कसरी पहिलो पार्टी बन्छ, त्यो पनि नम्रता गुमाएर, कारबाहीमात्र गरेर, फाइटमात्र खेलेर ? भन्ने संकोच जाग्नु नाजायज छैन ।

अन्तिम कुरा, जनजाति नेता भएको राप्रपामा मधेसी, दलित र आदिवासी समुदाय लगातारस्रूपमा आक्रमणमा परेका छन्, असुरक्षित महसुस गरीरहेको विषय चर्चामा आएको छ । तिल्के गोरूजस्तो दाम्ला खोल्यो कि होक्रा, होक्रा गरेर जताततै सिंगौरी खेल्दा राप्रपा थिल्थिलिएको छ, राजसंस्थावादी आन्दोलन तुहाएको भन्ने गम्भीर आरोप लिङ्देनमाथि लाग्दै आएको छ । त्यसैले नेता अर्जुन राईको नोस्टाल्जिया जस्तो बहादुर गोरू दिनभर होक्राउँदा र सिंगौरी खेल्दा गोठालाहरू खुब खुसी भएकै होलान्, तर राप्रपा भने नाम र बदनाम होइन, गुमनाम बनेको छ, यही र यस्तै चर्चाले बजार तातेको छ ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।






✍ बैकुण्ठ भण्डारी

# काइते भयो घाइते !

त्यो मोरो काइते । काम न काजसँग खुलामञ्चमा गयो उफ्रियो । जिन्दावाद र मुर्दावाद भन्दै बदाम खायो फोहोर बनायो अनि फेरि करायो ! यस्तै गर्दा गर्दै काइते माननीय भएछ । अब माननीय भएपछि त सिंहदरबार पनि छ छिर्नुपर्‍यो ।

कहिले खुलामञ्चको छाप्रोमा त कहिले रत्नपार्कको चौतारोमा बसेर दिनभरि बेरोजगारहरूलाई अल्मल्याइरहेको काइते एकैपटक सिंहदरबार छिर्न परेपछि त अलिअलि होसहवास उड्नु ठिकै पनि हो । सिंहदरबार नाममात्र सुनेको काइतेलाई अब सधैंभरि त्यही जानुपर्ने भए पनि इन्तु न चिन्तु त भएकै थियो । किनकि, जनताले माननीय बनाइदिएका छन् । खुलामञ्चमा जे मन लाग्यो त्यो बोलेजस्तो सिंहदरबारभित्र के बोल्न पाइन्थ्यो र !

माननीय भएपछि मर्यादाको पनि ख्याल गर्नुपर्ने ! निकै चिन्ताले सतायो काइतेलाई जे भए पनि काइते सिंहदरबार छिर्नका लागि सबै ढोका खुला थियो । बल्लबल्ल पहिलोपटक सिंहदरबार छिर्न पाएको काइते सिंहदरबारको ढोकैमा बन्दुक ठड्याएर बसेका सिपाहीहरू देखेपछि त अलमलमा पर्‍यो ।

विचरा सिपाही ड्युटी त हो । काइते अलमलिएको देखेर देब्रे हातमा च्याप्प समातेको बन्दुक माथि जुरुक्क उचालेर कालो छाला जुत्ता पट्काएर सलाम ठोकिदियो । सिपाहीको जुत्ता पड्काइले नै काइतेको शरीर नै सिरिंग बनाएर झट्कायो । विचरा, बन्दुक बोकको सिपाही त्यत्ति नजिक अहिलेसम्म नपरेकाले डरायो ।

तर मुसुक्क मुस्कुरायो अनि सिंहदरबारभित्र मुसोजस्तै लुसुक्क छिर्‍यो । सिंहदरबारभित्रको रहलपहल सुरक्षा अनि काइते माननीयलाई दिएको सम्मानले उसले त्यो खुलामञ्चको चौरीमा बसेर बदाम खाँदै भाषण ठोकेको अनि आफूलाई सहयोग गरेको सबै बिर्सन थाल्यो ।

काइते सिंहदरबार त छिर्‍यो । तर रत्नपार्क र खुलामञ्चमा बेरोजगार युवाहरूलाई भेला पारेर यो गर्छु र त्यो गर्छु भनेर चुनाउ जितेको काइतेले बोलेको कुरा त सम्झने कुरै भएन । काइतेका दिन फेरिए । उसले भाषण गर्ने खुलामञ्च र रत्नपार्क अनि त्यसको सहारामा जीवन गुजारा गर्नेहरूको जीवन फेरिएको थिएन । रत्नपार्कको एउटो कुनामा स्टोभमा पकाएको चिया र दुनोट खाने उसको बानीमा परिवर्तन भयो ।

काइतेले दरबारमार्गको कफी र टर्कीबाट ल्याएका कुखुराको तारेको साप्रा मन पराउन थाल्यो । रत्नपार्क टुँडिखेल अब चप्पल प्याऽट प्याऽट पड्काउँदै होइन सुविधाको प्राडो र पजेरोमा बानी पर्न थाल्यो । असन र बागबजारको गल्लीभित्रको एक गिलास होइन रसियन भोड्का र अमेरिकन ह्वीस्कीको जिब्रोले साथ लिन थाल्यो ।

काइते हिँड्ने बाटो उही, मान्छे उही । तर मान्छेको व्यवहार फरक, रहनसहन फरक अनि हिँडाइ र बोलाइ फरक हुन थाल्यो । उसले त्यो रत्नपार्क र खुलामञ्च बिर्सियो । खुलामञ्च खुल्लै थियो । कतै तारबार बेरिएको थिएन । सिमेण्टको भत्किएको खम्बाबाट टाउको छिराएर जहाँबाट मन लाग्यो त्यहीबाट छिर्न सकिन्थ्यो । अझ बल देखाउने हो भने माथि चढेर खुत्रुक्क हाम्फाल्न पनि सकिन्थ्यो ।

कालो सिसाको गाडीमा दरबारमार्गमा झानेको टर्कीको मुर्गा र कफी खाएर फर्कंदा जतिसुकै उज्यालो भए पनि उसले रत्नपार्क र खुलामञ्चलाई अँध्यारो देख्न थाल्यो । तर त्यही रत्नपार्क र खुलामञ्च काइतेहरूको पर्खाइमा हजारौं रात, हजारौं दिन कुरि नै रहेका थिए, र छ पनि । बर्खे भेल, आँधीहुरी, बारुद, गोली सबैको रङ र भेद खुट्याउने त्यो खुलामञ्च काइतेहरू आउलान् र अझै उफ्री-उफ्री भाषण गर्न दिउँला भनेर मनमनै सोच्दै होला !

सरकारका चित्त नबुझेका कुरा चिच्याइचिच्याइ सुनाउन एउटा थलो बनाइदिएका थिए खुलामञ्च, त्यो तानाशाह राजा महेन्द्रले ! तानाशाह र निरंकुशलाई पनि त जनताको समस्या सुन्न मन हुने रैछ नि ! त्यसैले बनाइदिएका होला है भनेर सैनिक मञ्चले प्रश्न सोध्दै थियो ।

अहिले सैनिक मञ्च र खुलामञ्चमा अन्तर छैन । किनकि, काइतेहरूलाई अब खुलामञ्च चाहिएको पनि छैन ! त्यसैले होला अब सहरबासीलाई आँखाको रमिताका लागि काम लाग्छ ! पहिले पो काठमाडौंबासीको मन फराकिलो थियो । पञ्चायत ढाल्यो, प्रजातन्त्र पनि ढाल्यो, लोकतन्त्रहुँदै गणतन्त्रको जग हल्लाउन थाल्यो । त्यही भएर पनि होला काइतेहरूलाई न त खुलामञ्च चाहिन्छ ? न त रत्नपार्क नै !

स्वार्थैस्वार्थमा विचार र भावना बेच्ने काइतेहरूलाई खुलामञ्च आफैंले साँघुरो बनादिएको छ । त्यही भएर नि होला सहरमा बस्ने हरेकको मन पनि साँघुरो बन्दै गएको छ । कहिले बजार व्यवस्थापनका नाममा, कहिले सुकुम्वासीका नाममा, कहिले भूकम्पका नाममा, कहिले यो वा त्यो नाममा खुलामञ्चलाई साँघुरो बनाइदिए काइतेहरूले !

आफ्नो स्वार्थका लागि काइतेहरूकै कारण न त बागमतीले धित मर्नेगरी बग्न पायो, न त विष्णुमतीले नै । सबैतिरबाट साँघुरो बनाइदिए । ठूलो सहर काठमाडौं खुम्चियो, गल्ली खुम्चिए, छातीजत्रो मुटु भएका मानिसहरूको मुटु खुम्चियो । वैरभाव र विचारविहीन हुन थालेपछि काइतेहरूका कारण सहरबासीको मुटुका भल्व पनि साँघुरियो ।

अहिले खुलामञ्च हाँसिरहेको छ । ङिच्च दाँत देखाएर काइतेहरूलाई घाइते बनाइरहेको छ ! खुच्चिङऽ खुच्चिङ अब भेउ पाउलास् । मेरो छातीमा आएर उफ्री-उफ्री तीन बित्ता उफ्रिएर बोल्थिस् । आफूलाई रैती मान्दिन भन्दै कोकोहोलो मच्याउँथिस् । अब त जुत्ता नबिकेपछि बिकोस् भनेर ठूलो ढ्वांग्रोमा सस्तोमाऽ सस्तोमा भनेर कराएजस्तै आफ्नो हैसियत देखाउन त्यही ठाउँमा पुगिस् ! चिल्लो गाडीमा टर्कीको कुखुराको साप्रा र कफी हसुरेर कुरूप बनिरहेको बसपार्कको टावरको छेउमा सवारी जाममा परेको काइतेलाई खुलामञ्चले जिस्काइरहेको थियो ।

ओइ काइते, देखिस् ? मेरो मान र मर्यादालाई जोगाउन नसक्दा नबिकेको जुत्ता बिकाउन ठाउँमा पुगेर फलाक्न पुगिस् नि ? बल्ल तेरो दिमाग भइराको छ घाइते, तँलाई काइते ! खुलामञ्च चिच्याउँदै थियो । तेरो हिम्मत छ भनेर एकपटक मलाई फर्किएर हेर त ! तानाशाह निरंकुश शासकले तँलाई चिच्याउन, कराउन बनाइदिएको ठाउँ हो म । कति आनन्दले सुखभोग गरिरहेको छु । जति सुखभोग तैंले गरिस् गरिस् अब सुखभोग गर्ने पालो मेरो ! कि कसो घाइते काइते ?

# सडक पूर्वाधार विकासले सुगम बन्दै 'लालझाडी'

**कञ्चनपुर–** जिल्लाको दुर्गम क्षेत्रका रूपमा परिचित लालझाडी गाउँपालिका पछिल्ला वर्षहरूमा सडक पूर्वाधारको विकाससँगै सुगम बन्दै गएको छ । वर्षायाममा हिलोले हिँडिनसक्नु हुने र हिउँदमा सुक्खा धुलोले जनजीवन कष्टकर बनाउने यहाँका सडकको नियति अब इतिहासको पानामा सीमित हुनपुगेको छ ।

पछिल्ला केही वर्षमा लालझाडीले सडक पूर्वाधारमा मारेको फड्कोले स्थानीय बासिन्दाको जीवनस्तरमात्र होइन, समग्र गाउँको आर्थिक र सामाजिक मुहारमै परिवर्तन ल्याएको छ । लालझाडीको कञ्जका स्थानीय बासिन्दा बलराम राना पुराना दिन सम्झिँदै भन्छन्, 'वर्षात् सुरु हुनेबित्तिकै बाहिरी संसारबाट काटिन्थ्यौं, सडकमा गोडासम्म डुब्ने हिलो हुन्थ्यो, कोही बिरामी परेमा अस्पताल लैजानका लागि एम्बुलेन्स आउने त टाढाको कुरा, मान्छेले बोकेर लैजान पनि बाटो भेटिँदैनथ्यो ।'

हिउँदमा पनि कच्ची सडकमा सवारीसाधन गुड्दा उड्ने धुलोले सडक छेउका घर र खेतीपाती पूरै छोपिन्थे, जसका कारण बालबालिका र वृद्धवृद्धामा श्वासप्रश्वासको समस्या आमजस्तै थियो । खोलामा पुल नहुँदा काठको डुंगाको सहारामा जोखिमपूर्ण यात्रा गर्नु यहाँका बासिन्दाको बाध्यता थियो । तर, गाउँपालिकामा जनप्रतिनिधि आएपछि विकासले गति लिएको स्थानीय रामप्रसाद राना बताउँछन् । 'पहिले नदीमा झोलुंगे पुल बन्यो, त्यसले डुंगा तर्ने दिनको अन्त्य गर्‍यो,' उनी भन्छन्, 'त्यसपछि दोदा नदीको बल्मी नजिकै पक्की पुल बनेपछि आवतजावतमा थप सहजता आएको छ, पहिले र आजको लालझाडीको तस्बिर पूरै फेरिएको छ ।'

स्थानीय महेश्वरी राना आफ्नै घरअगाडि कालोपत्र सडक देख्दा चकित छिन् । 'हामीले कहिल्यै कल्पनासमेत गरेका थिएनौं कि हाम्रै घरअगाडि यति चिल्लो बाटो बन्ला,' उनले भने, 'संघीयता र स्थानीय सरकार आएपछि जनप्रतिनिधिले सडकलाई प्राथमिकतामा राखेर काम गरेकै कारण आज यो सम्भव भएको हो ।'

अहिले लालझाडीका मुख्य प्रशासनिक केन्द्रदेखि भित्री बस्तीसम्म कालोपत्र सडकको सञ्जाल फैलिँदै छ । धुलो र हिलोको सास्ती खेप्ने ती दिनहरू अब सम्झनामामात्र बाँकी रहेको अर्का स्थानीय रामप्यारा चौधरी ताउँछन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजबहादुर सार्कीका अनुसार गाउँपालिकाले योजनाबद्धरूपमा सडक स्तरोन्नतिको कामलाई अगाडि बढाउँदै आएको छ । हालसम्म २७.५ किलोमिटर सडक कालोपत्र गरिसकिएको उनले जानकारी दिए ।

गाउँपालिका, सुदूरपश्चिम प्रदेश र संघीय सरकारको त्रिपक्षीय सहकार्यमा चानदेव-बल्मी सडक, वडा नं २ को चक्रपथ र वडा नं १ को रणनीतिक महत्त्वको सडक कालोपत्र गरिएको छ । अधिकृत सार्कीका अनुसार गाउँपालिका अध्यक्ष विशेष पूर्वाधार कार्यक्रममार्फत छवटै वडाका सडक स्तरोन्नति तथा कालोपत्रको कार्य भइरहेको छ ।

गाउँपालिकाले थप ३२ किलोमिटर सडक कालोपत्र गर्ने प्रक्रिया सुरु गरेको छ । 'चालु आर्थिक वर्षमा प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत १३.६ किलोमिटर, एडिबीको पिएलआर कार्यक्रमअन्तर्गत १३.५ किलोमिटर र पाँच किलोमिटर चक्रपथ कालोपत्र गर्दैछौं,' सार्कीले भने । उनका अनुसार कञ्चनपुरमै सबैभन्दा पहिला नगर अस्पताल निर्माण गर्ने पालिका पनि लालझाडी नै बनेको छ, जुन अब सञ्चालनको तयारीमा छ ।

पूर्वाधार विकासअन्तर्गत दोदा नदीमा नन्द गाउँ-बल्मी र लालझाडी-भकुण्डा जोड्ने पक्की पुल सञ्चालनमा आइसकेका छन् । यसैगरी जाइँ-देखतभूली र देखतभूली-दुबहा सिकलपट्टी जोड्ने पुल निर्माणको अन्तिम चरणमा छन् । यी पुलले वर्षायाममा ज्यान जोखिममा राखेर नदी तर्नुपर्ने अवस्थाको अन्त्य गरिदिएका छन् ।

सडक र पुलको निर्माणले किसानलाई पनि ठूलो राहत दिएको छ । सडक बनेपछि किसानले आफ्नो उत्पादन (विशेषगरी उखु र तरकारी) खेतबाटै सिधै चिनी मिल वा बजारसम्म लैजान पाएका छन्, जसले गर्दा बिचौलियाको चलखेल घटेको छ । सडक सुविधा पुगेपछि एम्बुलेन्स र दमकलजस्ता आपत्कालीन सवारीसाधन गाउँका कुनाकुनासम्म पुग्न थालेका छन् । सडक छेउछाउमा नयाँ पसल, बजार र साना उद्योग खुल्ने क्रम बढेसँगै स्थानीय युवा गाउँमै स्वरोजगार बन्न थालेका छन् । *रासस*

# भरतपुरका २०० बढी स्थानमा सिसी क्यामरा जडानको काम सुरू

**चितवन (प्रस)–** भरतपुर महानगरपालिकाले महानगर क्षेत्रमा सिसी क्यामरा जडानको काम सुरु गरेको छ । महानगरका २०० भन्दा बढी स्थानमा क्यामरा जडानको काम सुरु गरिएको हो ।

महानगडरपालिकी प्रमुख रेनु दाहालले क्यामरा जडानको कामको सोमबार एक समारोहबीच शुभारम्भ गरिन् । महानगरपालिका २९ वडाका मुख्य-मुख्य चोकमा क्यामरा जडानको काम सुरु गरिएको छ । नेपाल टेलिकम र जिल्ला प्रहरी कार्यालयसँगको सहकार्यमा क्यामरा जडानको काम सुरु गरिएको छ ।

महानगरपालिकाका सिनियर डिभिजनल इञ्जिनियर सन्तोष आचार्यका अनुसार २९ वटै वडाका २०० भन्दा बढी स्थानमा ४१८ क्यामरा जडान गर्न लागिएको छ । चार अटोमेटिक नम्बर प्लेट रिकोनाइजेसन (एएनपिआर) सहित ४१८ उच्च क्षमताका भिएमएससहितका क्यामरा जडान गर्न लागिएको छ । सिनजी आइटी सोलुसन प्रालिले पाँच करोड ५८ लाख २० हजार रूपैयाँको लागतमा क्यामरा जडानको काम गर्दै छ ।

उद्घाटन गर्दै महानगर प्रमुख दाहालले आधुनिक सहर बनाउने अभियानअन्तर्गत सिसी क्यामरा जडानको काम सुरु गरिएको बताइन् । सुरक्षित र भयरहित तवरले जनता बाँच्न पाउनुपर्ने भन्दै यो योजना अघि बढाइएको उनको भनाइ छ । उनले भनिन्, 'सिसी क्यामरा जडानसँगै सुरक्षित सहरको सपना सहाकार भएको छ ।'

महानगरपालिकाले २०६ किलोमिटर सडकमा स्मार्ट सडकबत्ती जडानको काम गरिएको उनले बताइन् । ९१ वटा चोकमा हाइमास्ट लाइट जडान गरिएको छ । यस्तै महानगरका छवटा चोकमा ट्राफिक लाइट जडान गर्ने योजना पनि कार्यान्वयनमा ल्याउन लागिएको उनले जानकारी दिइन् । ती सबै क्यामराको 'कन्ट्रोल रुम' जिल्ला प्रहरी कार्यालयमा रहने छ ।

सो अवसरमा महानगरपालिका उपप्रमुख चित्रसेन अधिकारीले समाजमा हुने हरेक घटनालाई निगरानी गर्दै सुरक्षाको प्रत्याभूति दिलाउन महानगरपालिकाले क्यामरा जडान गरेको बताए । यो योजनाले जनता सुरक्षित भएको महसुस गर्ने उनको भनाइ छ । सो अवसरम महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मिप्रसाद पौडेलले जडान गरिएका क्यामराको संरक्षण गर्न आवश्यक रहेको बताए ।

नेपाल टेलिकमको फाइबरमार्फत सिसी क्यामरा सञ्चालन गरिने छ । महानगरपालिकाले नेपाल टेलिकमसँग सम्झौता गरेर काम अघि बढाएको हो । नेपाल टेलिकम भरतपुरका प्रमुख राकेश चौधरीले सार्वजनिक बिदाको दिनसमेत मर्मतको काम नरोकेर कामलाई अघि बढाइएको बताए । सो अवसरमा जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीले क्यामराको प्रभावकारी कार्यान्वयनको पक्षमा आफूहरू लाग्ने बताए ।


## बिमालेख हराएको सूचना

मिति २०८२/०८/०२ गते सिन्धुपाल्चोक देखि काठमाडौं आउने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**बिमितको नाम : साहिर सुनार (Saahir Sunar)**
**प्रस्तावक : सानुमाया बि.क.**
**ठेगाना : लागर्चे-६, सिन्धुपाल्चोक**
**बिमालेख नं.: २५१८०४०२५**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि.**
**सम्पर्क नं : ९८५१०६१२४७**

## हकदाबी सम्बन्धी ३५ दिने सूचना

**कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०६/०६ मा दर्ता भएको प्रा.लि. नं. १७५७८७/०७४/०७५ एस.एल. डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि. को शेयर धनीको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालय काठमाण्डौंमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।**



## इष्टर्न हाइड्रोपावर लिमिटेड
**ललितपुर महानगरपालिका- १०, ललितपुर**

## नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति २०८२।०९।०६)**

यस कम्पनीको मिति २०८२ पौष ४ गते शुक्रवार दिनको ३:०० बजे बसेको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको नवौं (आ.व. २०८१।८२) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुदा सम्पूर्ण शेयरधनी महानुभावहरूलाई जानकारी गराउँदै सभामा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**नवौं वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति** :- २०८२ पौष २७ गते आइतवार (तदनुसार ११ जनवरी, २०२६)
**समय** :- विहान ९ बजे
**स्थान** :- होटल हार्दिक, वागवजार , काठमाण्डौं ।

**नवौं वार्षिक साधारणका छलफलका प्रस्तावहरू :**
**(१) सामान्य प्रस्तावहरू :-**
क) कम्पनीको तर्फ वाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
ख) कम्पनीको आ.व. २०८१/८२ को लेखापरिक्षण प्रतिवेदन तथा वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।
ग) कम्पनीको आ.व. २०८२/८३ को लेखापरिक्षण गर्नका लागि लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धीमा ।

**विशेष प्रस्तावहरू**
क) कम्पनीको १:१ वरावरको हकप्रद शेयर (Right share) निष्काशन सम्बन्धी ।
ख) कम्पनीको प्रवन्धपत्र संशोधन सम्बन्धी ।
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**मलेसियामा रोजगार** कम्पनी : DEFRANS ENTERPRISE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/०७ LT. No. 335768 चलानी नं. ६०२४९३८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CARGO | 22 | 0 | 1700 | ५९,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १५ गते (30th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Gongabu Townplanning-26 Kathmandu, Nepal, Tel.: +977-1-4975567, 4975568,
E-mail: proelitegurkhas@gmail.com, Web: www.elitegurkhasoverseas.com
श्रम इजाजत नं.५३५/०६१/०६२



**साउदीमा रोजगार** कम्पनी : MUSMIM JARRAH GIFT EST.

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ LT. No. 335471 चलानी नं. ६०२४९४०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PASTRIES MAKER / BAKER | 2 | 0 | 1500 | ५७,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SEHA COMPANY FOR HEALTH CARE

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ LT. No. 335473 चलानी नं. ६०२४९४०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SMALL TRUCK DRIVER | 9 | 0 | 1500 | ५७,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH FAHAD MAHANNA AL MURSHID FUEL STATION EST.

पूर्व स्वीकृति मिति : २०८२/०९/०६ LT. No. 335704 चलानी नं.६०२४९३९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fuel Pump Attendant/Petrol Filling Labor | 1 | 0 | 1200 | ४५,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DOR & BYOUT GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८२/०९/०४ LT. No. 335371 चलानी नं.६०२४९४०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plaster | 2 | 0 | 1200 | ४५,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १५ गते (30th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | कामदार आफैले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**FAST EMPLOYMENT SERVICE (P) LTD**
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75



**कुवेतमा रोजगार** कम्पनी : CILINICAAT MICRO LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/०७ LT. No. 335786 चलानी नं. ६०२४९३९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician-Hair Stylist/Pedicurist/Manicurist/ComplexionMassure/Nail Art/Hena | 0 | 4 | 150 | ६९,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस १५ गते (30th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Gulf Asia Manpower Pvt.ltd.** गल्फ एसिया मेनपावर प्रा.लि.
A recruitment Company
(The arcade building no.36 2nd floor)Battishputli -09, Kathmandu, Nepal Hotline: +977- 9802340340, 9802340341, E-mail : cvgulfasia017@gmail.com, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255
Govt. License No. 1278/074/75

# अवामी लिगविनाको चुनाव 'राज्याभिषेक' मात्रः शेख हसिना



**नयाँदिल्ली–** बङ्गलादेशमा सन् २०२६ फेब्रुअरीमा हुने राष्ट्रिय निर्वाचनमा आफ्नो दल अवामी लिगलाई सहभागी हुन प्रतिबन्ध लगाइएपछि पूर्वप्रधानमन्त्री शेख हसिनाले कडा प्रतिक्रिया दिएकी छन् । उनले अवामी लिगविनाको चुनावलाई वास्तविक निर्वाचन नभई 'राज्याभिषेक' को संज्ञा दिएकी छन् ।

विद्यार्थी नेतृत्वको विद्रोहपछि करिब एक वर्षअघि सरकारबाट अपदस्थ भएकी हसिनाले भनिन्, 'अवामी लिगविनाको चुनाव चुनाव नै हुँदैन, त्यो राज्याभिषेक हो । अन्तरिम सरकारका प्रमुख मुहम्मद युनुसले जनताको मतविना शासन गरिरहनुभएको छ र लोकप्रिय जनादेशबाट नौ पटक निर्वाचित पार्टीलाई प्रतिबन्ध लगाउने प्रयास भइरहेको छ ।'

उनले ऐतिहासिक उदाहरण उल्लेख गर्दै बंगलादेशी जनताले आफ्नो मनपर्ने दललाई मतदान गर्न नपाए मतदान नै नगर्ने प्रवृत्ति रहेको बताइन् । 'यदि यो प्रतिबन्ध कायम रह्यो भने लाखौं नागरिक प्रभावकारी रूपमा मताधिकारबाट वञ्चित हुने छन् । यस्तो प्रक्रियाबाट बनेको सरकारसँग शासन गर्ने नैतिक अधिकार हुँदैन,' हसिनाको भनाइ छ । उनले राष्ट्रिय मेलमिलापको खाँचो रहेका बेला यस्तो कदम गम्भीर अवसर चुकाउनुसरह हुने उल्लेख गरिन् ।

देशमा राजनीतिक तनाव चर्कंदै जाँदा फेब्रुअरी २०२६ को चुनावको तयारी भइरहेका बेला हिंसात्मक प्रदर्शन र अल्पसंख्यक, विशेषगरी हिन्दू समुदायमाथि आक्रमणका खबरहरू बढिरहेका छन् । इन्किलाब मोन्चोका नेता उस्मान हादीको मृत्युपछि भएको हिंसाप्रति संकेत गर्दै हसिनाले सम्पूर्ण जिम्मेवारी अन्तरिम सरकारमाथि थोपरेकी छन् ।

'उस्मान हादीको हत्या वर्तमान प्रशासनअन्तर्गत बढ्दो अराजकताको प्रतीक हो,' उनले भनिन्, 'हिंसा सामान्य बनेको छ र सरकारले या त यसलाई अस्वीकार गर्छ वा नियन्त्रण गर्न असफल भएको छ । यसले देशलाई मात्र होइन, छिमेकीहरूसँगको सम्बन्ध र अन्तर्राष्ट्रिय विश्वसनीयतालाई पनि कमजोर बनाएको छ ।'

सन् २०२४ अगस्टमा शेख हसिनालाई अपदस्थ गर्ने आन्दोलनपछि यो पहिलो राष्ट्रिय निर्वाचन हुन लागेको हो । त्यसयता नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम प्रशासनले देश चलाउँदै आएको छ । निर्वाचनकै दिन 'जुलाई चार्टर' सम्बन्धी राष्ट्रिय जनमतसंग्रह पनि हुने छ, जसले कार्यकारी शक्तिमा नियन्त्रण र न्यायिक स्वतन्त्रता सुदृढ गर्ने प्रस्ताव गरेको छ ।

तीन सय वटै संसदीय सिटका लागि एकै चरणमा मतदान हुने यस चुनावमा मुख्य प्रतिस्पर्धा बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) र जमात-ए-इस्लामीबीच हुने अपेक्षा गरिएको छ । विद्यार्थी आन्दोलनबाट उदय भएको नेसनल सिटिजन्स पार्टी (एनसिपी) पनि चुनावी मैदानमा उत्रने सम्भावना रहेको जनाइएको छ । *रासस/एएनआई*

# सन् २०२६ मा विश्वव्यापी आणविक हतियार नियन्त्रण संकटमा

**पेरिस–** आणविक हतियार नियन्त्रणका लागि निर्माण गरिएको विश्वव्यापी कानुनी संरचना सन् २०२६ मा गम्भीर दबाबमा पर्ने देखिएको छ । दशकौंदेखि आणविक संकट टार्न सहयोग गर्दै आएको यो व्यवस्था कमजोर बन्दै जाँदा अन्तर्राष्ट्रिय सुरक्षा कवचहरू खस्किँदै गएको विज्ञहरूको मूल्यांकन छ ।

आगामी वर्षको सुरुआतमै दुई महत्त्वपूर्ण घटनाले आणविक नियन्त्रणको भविष्यलाई थप अनिश्चित बनाउने छ । फेब्रुअरी ५ मा अमेरिका र रुसबीचको अन्तिम प्रमुख द्विपक्षीय आणविक सन्धि 'न्यु स्टार्ट' समाप्त हुँदै छ । त्यसैगरी अप्रिलमा न्युयोर्कमा आणविक हतियार अप्रसार सन्धि (एनपिटी) को समीक्षा सम्मेलन (रेभकोन) आयोजना हुँदै छ । चारदेखि पाँच वर्षमा एकपटक हुने यो सम्मेलन एनपिटीलाई सक्रिय राख्ने प्रयासका रूपमा लिइन्छ । तर पछिल्ला दुई सम्मेलनमा १९१ सदस्य राष्ट्र साझा अन्तिम दस्तावेजमा सहमत हुन नसकेको इतिहास छ र यसपटक पनि त्यस्तै नतिजा आउने अनुमान गरिएको छ ।

संयुक्त राष्ट्रसंघको हालैको एक अनलाइन सम्मेलनमा 'बुलेटिन अफ द एटमिक साइन्टिस्ट्स' का वरिष्ठ अधिकारी अलेक्जाण्ड्रा बेलले आगामी रेभकोन निकै कठिन हुने बताए । उनका अनुसार वर्तमान परिस्थिति र निकट भविष्यको सम्भावनाले आणविक हतियार नियन्त्रणको तस्बिर अँध्यारो बनाएको छ । रुसको थिंक-ट्यांक सेन्टर फर एनर्जी एण्ड सेक्युरिटी स्टडिजका निर्देशक एन्टोन क्लोपकोभले अझ कडा शब्दमा प्रतिक्रिया जनाउँदै हतियार नियन्त्रण संरचना लगभग पूर्ण विघटनको नजिक पुगेको धारणा व्यक्त गरे । उनले यथार्थवादी भएर अहिलेसम्म बाँकी रहेका संयन्त्रहरू जोगाउने प्रयास नै अहिलेको उत्तम विकल्प भएको उल्लेख गरे ।



सन् २०२५ मा अन्तर्राष्ट्रिय आणविक वातावरण झन् तनावपूर्ण बनेको छ । इरानी आणविक साइटहरूमा अमेरिकी आक्रमण, रुसले नयाँ ब्युरेभेस्टनिक आणविक-सञ्चालित क्रुज मिसाइलको परीक्षण र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सम्भावितरूपमा आणविक परीक्षण पुनः सुरु गर्न सकिने संकेत दिनुले विश्वलाई थप चिन्तित बनाएको छ । फ्रान्सको फाउण्डेसन फर स्ट्रेटेजिक रिसर्चका इमानुएल मैत्रेले हतियार नियन्त्रणको सम्पूर्ण संरचना क्रमशः कमजोर हुँदै गएको बताए ।

विज्ञहरूका अनुसार मुख्य चुनौती विश्व शक्ति सन्तुलनमा आएको परिवर्तन हो । लामो समयसम्म आणविक नियन्त्रण अमेरिका-रुस सम्बन्धको वरिपरि केन्द्रित थियो । तर चीनको तीव्र उदय, नयाँ प्रविधि र बहुध्रुवीय विश्व व्यवस्थाले परम्परागत द्विपक्षीय मोडेललाई जटिल बनाएको छ । पेकिङ विश्वविद्यालयका हुआ हानका अनुसार आणविक र परम्परागत शक्तिबीचको बढ्दो अन्तरसम्बन्ध, हाइपरसोनिक हतियारजस्ता नयाँ प्रविधि र मिसाइल रक्षा प्रणालीहरूले प्रतिरोध अवधारणालाई बहुडोमेनमा रूपान्तरण गरिरहेका छन् । चीन-रुस सहकार्यले युरोप र एसिया-प्रशान्त क्षेत्रमा रणनीतिक गणना अझ कठिन बनाएको उनको भनाइ छ ।

न्यु स्टार्ट सन्धि समाप्त भएमा निरीक्षण प्रणाली, मिसाइल सार्दा दिने सूचना र पारदर्शिता संयन्त्रहरू पूर्ण रूपमा अवरुद्ध हुने छन् । मैत्रेका अनुसार हाल स्वेच्छिक प्रतिबद्धताबाहेक प्रभावकारी संयन्त्र बाँकी रहने छैन । तर केही अमेरिकी विश्लेषकहरू भने न्यु स्टार्टको अन्त्यलाई अमेरिका-हितमै भएको तर्क प्रस्तुत गर्छन् । हेरिटेज फाउण्डेसनका रोबर्ट पिटर्सका अनुसार यो सन्धिले तीव्र रूपमा विस्तार भइरहेको चिनियाँ आणविक क्षमतालाई समेट्न नसक्ने भएकाले त्रिपक्षीय दृष्टिकोण आवश्यक छ । उनका अनुसार चीनले प्रत्येक वर्ष ठूलो संख्यामा नयाँ वारहेड र मिसाइल साइलो निर्माण गरिरहेको छ तर बेइजिङले अहिलेसम्म त्रिपक्षीय निःशस्त्रीकरण वार्तामा सहभागी हुन अस्वीकार गर्दै आएको छ ।

यद्यपि, न्यु स्टार्टको समाप्तिले तुरुन्तै विशाल हतियार विस्तार हुने सम्भावना कम रहेको मैत्रेको आकलन छ । अमेरिका र रुस दुवैतर्फ केही हतियार सेवामा फर्काउने क्षमता भए पनि व्यावहारिक अवरोधले ती प्रक्रिया सुस्त रहने उनले बताए । त्यस्तै, रेभकोनबाट अन्तिम दस्तावेज ननिस्कँदा एनपिटी तुरुन्तै धरापमा नपर्ने भए पनि दीर्घकालमा कूटनीतिक समाधानका उपायहरू कमजोर हुने जोखिम भने बढ्ने छ ।

मैत्रेले चेतावनी दिँदै भने, 'एनपिटी जति कम प्रभावकारी बन्छ, संकटको बेला सामूहिक समाधान खोज्नु त्यति नै कठिन हुन्छ ।' कमजोर हुँदै गएको आणविक नियन्त्रण व्यवस्थाले भविष्यमा अन्तर्राष्ट्रिय सुरक्षा र स्थायित्वका लागि गम्भीर चुनौती खडा गर्न सक्ने संकेत विज्ञहरूले दिएका छन् । *रासस/एएफपी*

# नजिब रजाकलाई नजरबन्द अस्वीकार, जेलमै बाँकी सजाय

**क्वालालम्पुर–** मलेसियाको उच्च अदालतले सोमबार पूर्वप्रधानमन्त्री नजिब रजाकलाई भ्रष्टाचारसम्बन्धी सजायको बाँकी अवधि जेल बाहिर नजरबन्दमा बिताउन दिने माग अस्वीकार गरेको छ । अदालतले पूर्वराजाद्वारा जारी गरिएको भनिएको परिशिष्ट शाही आदेश संवैधानिक प्रक्रियाअनुसार नबनाइएकाले वैध नहुने फैसला सुनाएको हो ।

न्यायाधीश एलिस लोकेका अनुसार राजाको दयाको विशेषाधिकार संविधानअनुसार माफी बोर्डको सिफारिसका आधारमा मात्र प्रयोग गर्न सकिन्छ । सन् २०२४ जनवरी २९ मा बसेको माफी बोर्डको बैठकमा नजरबन्दसम्बन्धी विषय उठाइएको पनि थिएन र स्वीकृत गरिएको थिएन । त्यसैले नजरबन्दको व्यवस्था 'वैध आदेश होइन' भन्ने ठहर गरिएको हो ।

७२ वर्षीय नजिब रजाकले अब आफ्नो बाँकी सजाय जेलमै पूरा गर्नुपर्ने छ । माफी बोर्डले गत वर्ष १२ वर्षको सजाय आधा घटाएपछि उनको कैद अवधि सन् २०२८ अगस्टमा समाप्त हुने तय भएको छ । फैसलापछि नजिबका वकिलले अदालतलाई उक्त निर्णयविरुद्ध अपिल गर्ने योजना रहेको जानकारी गराएका छन् । *रासस/एपी*


## साउदीमा रोजगार

कम्पनी : TODAY'S NAME RESTAURANTS SERVE MEALS

पूर्व स्वीकृति मिति : २०८२/०९/०७ | LT. No. 335751 | चलानी नं. ६०२४९३६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook General | 3 | 0 | 1500 | ५७,२९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस १५ गते (30th Dec 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.१५००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Synnet International Pvt. Ltd. Licence No.: 206/057/058

SYNNET INTERNATIONAL PVT.LTD.
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com

ISO 9001: 2008 Certified Company | Certified No. 70902



## दोभान खोला हाइड्रोपावर लिमिटेड

रजिष्टर्ड कार्यालयः का.म.न.पा.- ४, चण्डोल, काठमाडौं

### चौथो वार्षिक साधारणसभा सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०८)

यस कम्पनीको सञ्चालक समितिको मिति २०८२/०९/०६ गते बसेको १३औं बैठकको निर्णयानुसार यस कम्पनीको चौथो वार्षिक साधारणसभा देहायका मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनी महानुभावहरूको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति** : मिति २०८२ साल पौष २८ गते सोमवार तदनुसार १२ जनवरी, २०२६
**सभा हुने समय** : बिहान १०:०० बजे
**सभा हुने स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालयको सभाकक्ष, चण्डोल, काठमाडौं ।

**छलफलका विषयसूचिहरू :**

**क. सामान्य प्रस्तावहरू :**
१. सञ्चालक समितिका अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात, आ. व. २०८१/०८२ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सोसंग सम्बन्धित अनुसूचिहरू उपर छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८२/०८३ को लेखा परीक्षण गर्नका लागि लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख. विशेष प्रस्तावहरू :**
१. इच्छुक व्यक्ति तथा संगठित संस्थालाई व्यक्तिगत सम्पर्क (Private Placement) को माध्यमबाट शेयर खरीद तथा बिक्री गर्न स्वीकृति दिने र सो सम्बन्धी सम्पूर्ण अख्तियारी सञ्चालक समितिलाई दिने सम्बन्धमा ।
२. संचालक समितिबाट गठन गरिएको नयाँ संचालक समिति अनुमोदन गर्ने सम्बन्धमा ।
३. सञ्चालकहरूको पारिश्रमिक, वैठक भत्ता तथा अन्य सेवा सुविधा अनुमोदन गर्ने सम्बन्धमा ।
४. प्रवन्धपत्र तथा नियमावलीमा गरिएको संशोधन सम्बन्धमा नियामक निकायबाट कुनै संशोधन, फेरबदल वा परिमार्जनका लागि निर्देशन भई आएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. संचालक समितिबाट शेयर खरिद विक्री सम्बन्धी गरिएका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा ।

**ग. विविध ।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी थप जानकारीहरू :**
१. चौथो वार्षिक साधारण सभामा कम्पनीको पछिल्लो शेयर लगतमा कायम भएका शेयरधनीहरूले मात्र भाग लिन पाउने छन् ।
२. साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण वा सो को प्रतिलिपि अनिवार्य रूपमा साथमा लिई आउनु पर्नेछ ।
३. शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हाजिरी पुस्तिका साधारणसभा हुने दिन बिहान ९:३० बजेदेखि खुल्ला गरिनेछ ।
४. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरूले सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी पत्र दर्ता गरी सक्नुपर्नेछ । प्रोक्सी फाराम कम्पनीको रजिष्टर्ड कार्यालयबाट वा ईमेल : dobhankhola2023@gmail.com मार्फत पनि प्राप्त गर्न सकिनेछ । कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एक भन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी दिन पाईने छैन । यसरी दिईएको प्रोक्सी सबै बदर हुनेछ ।
५. प्रतिनिधि नियुक्ति गर्ने कम्पनी वा संगठित संस्था भएमा त्यस्तो नियुक्ति पत्रमा सो संस्था वा कम्पनीको छाप सहित आधिकारिक कम्पनी/संस्था प्रमुखको दस्तखत भएको हुनुपर्छ ।
६. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक भएमा कार्यालय समयभित्र कम्पनीको फोन नं. ०१-४५४२८६० मा सम्पर्क गरी बुझ्न सकिने छ ।



## Chautara Sangachokgadhi Municipality

**Office of the Municipal Executive**
**Chautara, Sindhupalchok**

### Invitation for Electronic Bids

**Date of publication: 2082/09/08 (23th Dec 2025)**

The Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for Procurement of the following works

| Contract Identification No. | Description | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|---|
| CSGM/NCB/ WORKS-08/082/083 | Upgrading Works of Thumki Deurali Majhtole Dandaghar Harre Holka Road, CSGM-010 | NRs. 45,01,322.06 | NRs. 1,40,000.00 | NRs. 3,000.00 | 2082/10/08 (22th Jan 2026) at 12:00 hrs | 2082/10/08 (22th Jan 2026) at 12:00 hrs |
| CSGM/NCB/ WORKS-09/082/083 | Upgrading Work of Bhanjyang Padhera Pallotole Chandeni Krisi Road Sector, Ward No.-12 | NRs. 45,01,336.85 | NRs. 1,40,000.00 | NRs. 3,000.00 | 2082/10/08 (22th Jan 2026) at 12:00 hrs | 2082/10/08 (22th Jan 2026) at 12:00 hrs |
| CSGM/NCB/ WORKS-10/082/083 | Jitpur Lekh Lift Khanepani Aayojana, Ward No.-9 Sadak, CSGM-09 | NRs. 21,53,082.14 | NRs. 67,000.00 | NRs. 3,000.00 | 2082/10/08 (22th Jan 2026) at 12:00 hrs | 2082/10/08 (22th Jan 2026) at 12:00 hrs |
| CSGM/SQ/ GOODS-01/082/083 | Procurement of Veterinary Medicine and Equipement for Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok | - | NRs. 40,000.00 | NRs. 1,000.00 | 2082/09/23 (7th Jan 2026) at 12:00 hrs | 2082/09/23 (7th Jan 2026) at 12:00 hrs |

1. Future Details bidders are requested to visit PPMO website www.bolpatra.gov.np/egp.
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།།

## सोलुदुधकुण्ड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**सल्लेरी, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

### Invitation For Sealed Quotation

**Date of publication: 2082-09-08 (23rd December, 2025)**

1. Solududhkunda Municipality, Solukhumbu invites electronic Sealed Quotation from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Work | Bid Security NRs | Bid Document Fee NRs | Bid Validity Period | Bid bond security period | Remarks |
|---|---|---|---|---|---|---|
| 02-GOODS-SQ-SDM-2082/083 | Procurement of Vegetable Seeds | 28,000/- | 1,000/- | 45 Days | 75 Days | |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra.gov.np.
3. For detail information contact in Solududhkunda Municipality, Mobile No. 9861588013, email: solududhkundamun@gmail.com.

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - २६१७०० | प्रति तोला - ० | प्रति तोला - ४२३५ |



**बाखालाई खोप** | म्याग्दीको बेनी नगरपालिका-३ डाडाखानीमा बाख्रालाई पिपिआर रोगविरुद्धको खोप लगाउँदै पशु सेवा प्राविधिक। भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र म्याग्दीले महामारीजन्य रोगबाट पशुलाई जोगाउन पशुमा पूर्ण खोप कार्यक्रमअन्तर्गत गाईभैंसी, भेडाबाख्रा र कुकुरलाई खोप लगाउन जिल्लाव्यापी अभियान चलाएको छ। *तस्बिर : सन्तोष गौतम/रासस*

# एमसिएअन्तर्गतका दुई सडक आयोजनाका लागि सम्झौता

■ प्रभाव संवाददाता

**काठमाडौं–** मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) अन्तर्गत बन्ने दुईवटा सडक आयोजनाका लागि करिब दुई करोड ३७ लाख अमेरिकी डलर बराबरको सम्झौता भएको छ।

एमसिए-नेपालले सोमबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार एमसिसी नेपाल कम्प्याक्टअन्तर्गतका सडक मर्मत आयोजना कार्यान्वयनका क्रममा पूर्व-पश्चिम राजमार्गको धानखोलाबाट लमहीसम्मको खण्डको स्तरोन्नतिका लागि शर्मा-कुमार संयुक्त उपक्रमसँग करिब दुई करोड अमेरिकी डलर बराबरको सम्झौता गरेको हो।

यसैगरी एमसिए-नेपालले हालै उक्त सडकखण्डको सडक स्तरोन्नति कार्य र नारायणघाट-मुग्लिङ सडकखण्डको आवधिक मर्मतको सुपरिवेक्षणका लागि इन्टरनेसनल कन्सल्टाण्ट्स एण्ड टेक्नोक्राट्स प्रालिसँग करिब ३६ दशमलव छ लाख अमेरिकी डलर मूल्य बराबरको सम्झौता गरेको



विज्ञप्तिमा उल्लेख छ। यी आयोजनाअन्तर्गत पूर्व-पश्चिम राजमार्गको धान खोलादेखि लमहीसम्मको ४० किलोमिटर सडकखण्डमा स्तरोन्नति गरी १२ मिटर चौडा गरिनेछ भने नारायणघाट-मुग्लिङ सडकखण्डको आवधिक मर्मत गरिनेछ।

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्ट र शर्मा-कुमार संयुक्त उपक्रमका आधिकारिक प्रतिनिधि सौरभ शर्माले एक कार्यक्रमबीच धान खोलाबाट लमहीसम्मको सडकखण्डको स्तरोन्नति कार्यसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरे।

# 'क्रस बोर्डर टुरिजम काउन्सिल' गठन हुँदै

■ प्रभाव संवाददाता

**नेपालगञ्ज–** भारतबीच पर्यटनका क्षेत्रमा नयाँ सम्भावना खोजी गर्ने उद्देश्यले संयुक्त मञ्चका रूपमा 'क्रस बोर्डर टुरिजम काउन्सिल' गठन हुने भएको छ।

नेपालगञ्जमा भएको तीनदिने 'क्रस बोर्डर टुरिजम कन्क्लेभ' दुई देशको पर्यटन प्रवर्द्धन गर्ने योजनासहित काउन्सिल गठन गर्न लागिएको नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) बाँकेका पूर्वअध्यक्ष श्रीराम सिग्देल जानकारी दिए। 'अझै कतिपय खास विषयमा संवाद गरिने छ, त्यसपछि औपचारिक रूपमा घोषणा गरिने छ,' उनले भने। सिग्देलले सो काउन्सिल बनाउनका लागि तीनदेखि छ महिनाको समय लाग्ने जानकारी दिँदै क्रस बोर्डर पर्यटन सहजीकरणका लागि अनलाइन आवेदन दिने र अनुमति दिने प्रणाली लागू गर्न सरकारलाई आग्रह गरिएको बताए।

हालै सम्पन्न भएको नेपालगञ्ज विमानस्थललाई पूर्ण क्षमतामा उपयोग गरी पर्यटन प्रवर्द्धनका लागि नेपालगञ्ज-दिल्ली सिँधा हवाई उडान सञ्चालन गर्न नेपाल र भारत दुवै देशका नागरिकले सम्बन्धित देशका सरकारसँग आग्रह गर्ने निर्णय भएको जानकारी पूर्वअध्यक्ष सिग्देलले जानकारी दिए। नेपालगञ्जलाई 'डेष्टिनेसन वेडिङ' बनाउन सम्बन्धित निकायमा पैरवी गर्न जोड दिइएको उनले उल्लेख गरे।

नेपाल पर्यटन बोर्डको आयोजनामा नाट्टा बाँके च्याप्टरको संयोजनमा भएको कन्क्लेभमा पहिलो दिन विभिन्न पर्यटकीय क्षेत्रको अवलोकनदेखि अन्तिम दिन ग्रामीण पर्यटका रूपमा रहेको होमस्टे (घरबास) अवलोकन, बाँके निकुञ्जको सफारीसम्मका गतिविधि भएका थिए। दुई देशबीचका पर्यटन व्यवसायी, टुर अपरेटरहरूबीच बिटुबीसम्बन्धी कार्यक्रम पनि गरिएको थियो।

यसैबीच नेपाल-भारतका पर्यटन व्यवसायीबीच संयुक्त बैठकको आयोजना गरिएको छ। बैठकले जमुनाह नाकाबाट नेपाल प्रवेश गर्ने पर्यटकहरूको सहजताका लागि नाट्टा बाँके च्याप्टरको सहजीकरणमा सुरक्षा निकायको बैठक तथा प्रमुख जिल्ला अधिकारीको समन्वयमा सुरक्षा निकायको बैठक राखी पर्यटकमैत्री वातावरण बनाउन पहल लिने निर्णय भएको सिग्देलले जानकारी दिए।

# महिला उद्यमी महासंघको अध्यक्षमा श्रेष्ठ

**ललितपुर (प्रस)–** महिला उद्यमी महासंघ नेपालको दशौं महाधिवेशनले दर्शना श्रेष्ठको अध्यक्षतामा २५ सदस्यीय नयाँ कार्यकारिणी समिति चयन गरेको छ।

महासंघले सोमबार ललितपुरमा २२ औं वार्षिक साधारणसभा तथा १०औं महाधिवेशन सम्पन्न गरेको हो। देशभरका महिला उद्यमीको छाता संगठनका रूपमा कार्यरत महासंघ स्थापना कालदेखि महिला उद्यमीको विकास, प्रवर्द्धन तथा सामाजिक-आर्थिक सशक्तिकरणमा क्रियाशील रहँदै आएको छ।

महासंघले हाल नेपालका ७७ वटै जिल्लामा संगठन विस्तार गरी पाँच हजार ५०० भन्दाबढी महिला उद्यमीलाई आवद्ध गरेको छ। साथै सातै प्रदेशमा प्रदेशस्तरीय महासंघ गठन गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय तहका नीति निर्माण र निर्णय प्रक्रियामा महिला उद्यमीका हक, अधिकार र सरोकारका विषयमा सशक्त रूपमा वकालत गर्दै आएको जनाएको छ।

महासंघको २२औं वार्षिक साधारणसभा अध्यक्ष शोभा ज्ञवालीको अध्यक्षतामा सम्पन्न भएको थियो। सो अवसरमा अध्यक्ष ज्ञवालीले आफ्नो कार्यकालमा महासंघमार्फत सञ्चालन गरिएका कार्यक्रम, उपलब्धि तथा चुनौतीबारे जानकारी गराइन्।

साधारणसभामा महासंघका महासचिव कुन्नम पोखरेलले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गरिने भने कोषाध्यक्ष सविता सुवेदीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन्। प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले महिला उद्यमशीलता विकासमा निजी क्षेत्र र महासंघबीच सहकार्यलाई अझ सुदृढ बनाइने प्रतिबद्धता व्यक्त गरे।

## कर्पोरेट

### सिएफमोटोको नयाँ 'डुअल-स्पोर्ट' मोटरसाइकल नेपालमा



**काठमाडौं (प्रस)–** सिएफमोटोको नयाँ डुअल-स्पोर्ट मोटरसाइकल परिक्षणका क्रममा देखा परेको छ। नेपालमा बढ्दै गएको एड्भेन्चर र डुअल-स्पोर्ट सेगमेन्टमा नयाँ मोडल छिट्टै लन्च गर्नेगरी सिएफमोटोको नेपालका लागि आधिकारिक वितरक ऋषि ट्रेड सेन्टरले २५० डुअलको परिक्षण सुरु गरेको हो। सो नयाँ मोडलले मोटरसाइकल प्रेमीलाई शहरी यात्रादेखि अफ-रोडसम्म बहुउपयोगी विकल्प प्रदान गर्ने विश्वास लिइएको छ। नयाँ मोटरसाइकललाई सिएफमोटोले मजबुत अफ-रोड क्षमता र स्लीक अर्बन-रेडी डिजाइनका साथ अत्यन्त आकर्षक लुक्समा तयार पारेको छ।

नेपालका विविध सडक परिस्थिति र चुनौतीपूर्ण भूपरिवेशलाई ध्यानमा राखेर विशेष रूपमा उपयुक्त मोटरसाइकल ल्याउन चाहेको कम्पनीले संकेत दिएको छ। डिजाइनलाई आकर्षक र एग्रेसिभ लुक्स दिन सो नयाँ बाइकमा शार्प एंगुलर फ्रन्ट फेसियाका साथ बिशेष डुअल-स्पोर्ट हेडलाइट जडान गरिएको छ। अफरोडमा यात्रा गर्दा धुलो तथा ग्राभेलबाट सुरक्षा दिन उठाइएको फ्रन्ट फेन्डर र लम्बिएको फोर्क गार्ड उपलब्ध गराइएको छ।

बाइकमा लामो ट्राभल सस्पेन्सन, स्लिम तथा स्ट्रिमलाइन बडी प्यानल, हाई-माउन्टेड एक्जस्ट, डुअल-पर्पस टायर र उभिएर चलाउँदा समेत राम्रो नियन्त्रण दिन सक्षम, स्कल्प्टेड ट्याङ्कसँग जोडिएको सानो स्लिम सीट प्रोफाइल दिइएको छ। इन्डुरो मेसिनबाट प्रेरित क्लासिक डिजाइन फिलोसफीमा आधारित २५० डुअलको उत्पादन आधुनिक तवरबार गरिएको छ भने प्रिमियम फिनिशिङले यसलाई थप परिष्कृत बनाएको छ।

टिकाउपन र ह्यान्डलिङलाई विभिन्न परिस्थितिमा (शहरको भीडभाडदेखि बिग्रिएको सडक र अफ-रोड ट्रेलसम्म) मूल्यांकन गरिरहेको अवस्थालाई मध्येनजर गर्दा सिएफमोटो नेपाली सडक सुहाउँदो मोटरसाइकल लन्च गर्न गम्भिर रहेको पुष्टि गर्दछ। एर्गोनोमिक डिजाइन, फराकिलो ह्यान्डलबार र अप-राइट राइडिङ पोजिसनले सिएफमोटो २५० डुअललाई लामो यात्रादेखि विकेन्ड एड्भेन्चरसम्मका लागि उपयुक्त बनाउँने अपेक्षा गरिएको छ।

### पुष्पखेतीका लागि ग्लोबल आइएमई बैंकको हरितगृह कर्जा

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेड र फ्लोरिकल्चर एसोसिएशन नेपाल बीच पुष्प खेती तथा आलङ्कारीक सौन्दर्यीकरण बाली उत्पादनमा हरितगृह प्रविधिको प्रयोग र सो को लागि सहज कर्जा प्रणालीको विकास गर्ने सम्बन्धी समझदारीमा हस्ताक्षर भएको छ। उक्त समझदारीमा बैंकका इन्फ्रास्टक्चर तथा प्रोजेक्ट फाइनान्सिङ प्रमुख अशीम कर्माचार्य र फ्लोरिकल्चर एसोसिएशन नेपालका अध्यक्ष राजेश भक्त श्रेष्ठले हस्ताक्षर गरेका छन्।





सम्झौता अनुसार, बैंकले पुष्प व्यवसायी वा कृषकहरू लक्षित विशेष हरितगृह कर्जा प्रवाह गर्ने भएको हो। साथै, फ्लोरिकल्चर एसोसिएशन नेपालले आफ्नो सदस्यहरूलाई बैंकको कृषि कर्जा योजनाको बारेमा जानकारी प्रदान गर्नेछ। यसबाट व्यवसायी तथा कृषकहरूको पुष्प उत्पादन र उत्पादकत्व वृद्धि, हरितगृह प्रविधिहरूको प्रवर्द्धन, गुणस्तरीय पूर्वाधार विकास र सेवा अभिवृद्धिमा सहयोग पुग्नेछ। साथै यस सहकार्यले जलवायु अनुकुलन अभ्यास, दिगो व्यवसाय र आधुनिक प्रविधिलाई आत्मसाथ गर्न पुष्प व्यवसायी तथा कृषकलाई उत्प्रेरित गर्न सहयोग पुग्ने विश्वास लिइएको छ।

बैंक र एसोसिएशन बीचको सहकार्यले हरितगृह प्रविधिमा लगानी गर्न पुष्प व्यवसायी तथा उद्यमीहरूलाई लक्षित गरी वित्तीय पहुँच विस्तारको साथै फुल उत्पादन तथा अलंकारिक बोटबिरुवाको उत्पादन र उत्पादकत्व वृद्धि हुने विश्वास रहेको छ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ। बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरू प्राप्त गरिसकेको छ।

# बुटवल-भैरहवाका बजारमा पहाडी सुन्तलाको माग उच्च

■ दामोदर खनाल



**रूपन्देही–** जिल्लाका थोक तथा खुद्रा बजारमा पहाडी सुन्तलाको माग राम्रो भएपछि किसान खुसी देखिएका छन्। यो समय सुन्तलाको समय हो। रूपन्देहीको बुटवल, मणिग्राम, भैरहवाका थोक बजार र यस आसपासका खुद्रा बजारमा पहाडी जिल्ला पाल्पा, स्याङजा, गुल्मी, अर्घाखाँची, प्युठानलगायतका जिल्लाबाट प्रशस्त मात्रामा सुन्तला भित्रिने गरेको छ।

रूपन्देहीको मणिग्रामस्थित लुम्बिनी कृषि उपज थोक बजारमा पाल्पा, गुल्मी, स्याङजा, सल्यान, रोल्पाको सुन्तला भित्रिएको र किसानले गत वर्षभन्दा राम्रो भाउ पाएको व्यापारी नारायण पाण्डे बताउँछन्। यसपटक सुन्तला कम फलेकोले राम्रो बजार पाएको उनले जानकारी दिए।

यहाँ आएका सुन्तला पूर्वी र पश्चिम तराईका विभिन्न जिल्लामा पुग्ने गर्दछ। पहाडी जिल्लाका फल सुन्तला स्वादिष्ट हुने भएकाले भारतीय सीमाबर्ती बजारमा पनि राम्रो माग रहेको सुन्तला व्यापारीको भनाइ छ। तराईमा मंसिरदेखि माघसम्म पहाडी जिल्लाका सुन्तला भित्रिने गर्दछ।

सुन्तला किसानले सिजनमा सुन्तला बेचेर राम्रो आम्दानी गर्दछन्। सुन्तला व्यापारीले पनि सिजनमा यसको कारोबारबाट राम्रो कमाइ गर्दछन्। धेरै किसानको आम्दानी र जीवन गुजाराको साहारा हो। गुल्मीका नवीन न्यौपाने आफूकहाँ साढे ३०० बोट सुन्तला रहेको र यसपटक बजारमा राम्रो भाउ पाएकोले खुसी लागेको बताए। नवीनले भने, 'गत वर्षभन्दा यो पटक बजारमा सुन्तलाको राम्रो भाउ रहेछ, चार लाखजति आम्दानी होला।'

हाल बजारमा सुन्तला दानाअनुसार सानाको प्रतिकेजी ६० देखि ७० रूपैयाँ र ठूला दानाको प्रतिकेजी ९० देखि ११० रूपैयाँसम्ममा कारोबार भएको सुन्तला व्यापारी बताउँछन्। विगतका वर्षको कारोबारको तथ्याकअनुसार रूपन्देहीमा एक सिजनमा करिब ४० देखि ५० करोड रूपैयाँसम्मको कारोबार हुँदै आएको छ। रूपन्देहीका थोक व्यापारी टंक बस्यालले पनि यो पटक सुन्तलाको बजार राम्रो भएको बताए।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ